# आध्यात्मिक सन्देश

## गुरुपूर्णिमा विशेषाङ्क

म.क्षे.हु.नि.द.नं. ०७/०६७/६८

दर्ता नं. ५६-०६२/६३

वर्ष २०, (पूर्णाङ्क १८७) E-mail: info@ssdham.org / media@ssdham.org / Website : www.divineclubworldwide.org २०८१



# राधा गोविन्द गीत



रसिकशिरोमणि जगद्गुरु **श्री कृपालु जी महाराजले** पूर्ण सनातन ब्रह्म श्री राधाकृष्णका दिव्य नाम, रूप, लीला, गुण, धाम सम्बन्धी मधुरातिमधुर संकीर्तन काव्यहरूद्वारा जनजनलाई धन्यधन्य तुल्याउनुभएको छ। उहाँद्वारा प्रणीत अनेकानेक कृतिहरूमध्ये **राधा गोविन्द गीत** नामक ग्रन्थका केही दोहावलीहरू यस अंकमा प्रकाशित गरिएको छ। भगवान् नामको महात्म्यले युक्त निम्न दोहाहरू वेदशास्त्रलगायत पूर्ववर्ति रसिक सन्तहरूका मतानुसार छन्। सरल ढङ्गमा प्रस्तुत गरिएका सिद्धान्तहरूका व्याख्या निकै नै मार्मिक छन्। आगामी अङ्कहरूमा पनि क्रमैसँग यस प्रकार अनमोल रत्नहरू प्रकाशित गरिने छ।

गुरू हरि का ही रूप गोविन्द राधे।
जानो अरू मानो अरू औरों को जना दे॥

गुरू शरणागति गोविन्द राधे।
श्यामा श्याम भक्ति मन शुद्ध करा दे॥

हरि गुरू एक मान गोविन्द राधे।
करू निष्काम भक्ति काम बना दे॥

जैसा भाव हरि में हो गोविन्द राधे।
वैसा भाव गुरू में भी वेद बता दे॥

# गुरुपूर्णिमा

गुरुपूर्णिमा पर्व गुरुचरणमा पूर्णरूपमा समर्पित हुने प्रेरणा प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्ने सुअवसर हो । गुरुपूर्णिमा नामले प्रसिद्ध आषाढशुक्ल पूर्णिमा तिथि यसवर्ष मितिका हिसाबले साउन ६ गते परेको छ तापनि आषाढ महिनाले गुरुमहत्त्वलाई दर्साउँदछ । हामीहरूमाझ साकार रूपमा रहनुभएका भक्तियोगरसावतार जगद्गुरु श्री कृपालु जी महाराज गुरुपूर्णिमाको रहस्यबारे भन्नुहुन्छ–

**गुरु चरणों में हो जो गोविंद राधे ।**
**पूर्ण प्रपत्ति गुरु पूर्णिमा बता दे ॥**

अलौकिक रूपमा श्रीकृष्णबाट प्रारम्भ भएको गुरु–शिष्य परम्परा लौकिक व्यवहारमा वेदव्यासको प्रादुर्भाव भएको तिथि आषाढशुक्ल पूर्णिमाको दिन अद्यापि गुरुशरणागतिको रूपमा कायम छ । नारायणबाट ब्रह्मा, ब्रह्माबाट वशिष्ठ, वशिष्ठबाट शक्ति, शक्तिबाट पराशर, पराशरबाट व्यासले गुरुतत्त्व प्राप्त गरेका थिए । बिना गुरु ज्ञान प्राप्त हुँदैन । व्यवहारमा उपयोगी शिल्पशास्त्रको शिक्षा लिंदासमेत गुरुपूजन गरी प्रारम्भ गरिन्छ भने आत्मज्ञानका निम्ति गुरुप्रति पूर्ण शरणागत हुनै पर्दछ । व्यवहारमा प्रतिदिन ईश्वर, गुरु र आत्मस्मरण गरेरै शिक्षा प्रारम्भ गरिन्छ तापनि वार्षिक पर्वोत्सवका रूपमा पराशर र सत्यवतीका पुत्र कृष्णद्वैपायनको प्रादुर्भाव भएको आषाढ शुक्ल पूर्णिमाका दिन प्रतिवर्ष गुरुप्रति पूर्ण शरणागत हुने दृढ सङ्कल्प गरिन्छ । कृष्णद्वैपायनले लोकलाई वैदिक शिक्षा सुगम पार्ने हेतुले वेदलाई चार भागमा वर्गिकरण गरिदिए वापत वेदव्यास नामले प्रसिद्धि पाए । उनैको जन्मतिथिलाई गुरुपूर्णिमा तथा व्यासजयन्तीका नामले प्रतिवर्ष पावन पर्वको रूपमा मनाईदै आएको हो । वेदव्यासका शिष्य शुकदेव, शुकदेवका शिष्य गौडपादाचार्य, गौंडपादाचार्यका शिष्य गोविंदपादाचार्य, गोविंदपादाचार्यका शिष्य शंकराचार्य प्रथम लौकिक जगद्गुरु भए ।
ब्रह्म सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो अन्य केही छैन भन्ने अद्वैत वेदान्तका आचार्य शंकरका मत पनि कालान्तरमा शुद्धाद्वैत, विशिष्टाद्वैत, द्वैता–द्वैत, द्वैत आदि मतान्तरहरू हुनथाले । सबैका समन्वयकर्ता सर्वदर्शन समन्वयाचार्य, भक्तियोगरसावतार जगद्गुरूत्तम उपाधिले विभूषित श्री कृपालु जी महाराज हाम्रा परम आदरणीय गुरुदेव प्रत्यक्ष रूपमा हाम्रै सामु हुनुहुन्छ । ब्रह्म, जीव र माया सनातन छ, हरि–गुरु समान हुन् यो परम यथार्थलाई स्वीकार्नु भएका श्री राधाकृष्ण भक्तियोगरसावतार श्री गुरुदेवको निर्देशनमा निष्काम भक्ति साधनामा समर्पित हुनु हामी सबैको कर्तव्य हुनेछ । गुरुकृपाले मात्र हाम्रो कामना पूरा हुनेछ । महाराजजी स्वयं भन्नुहुन्छ–

**हरि गुरु एक मान गोविंद राधे ।**
**करू निष्काम भक्ति काम बना दे ॥**

अतः यसवर्षको आषाढ महिनाले श्री महाराजजीको निर्देशनअनुसार निष्काम भक्ति साधनामा प्रेरित गर्न सक्यो भने गुरुपूर्णिमाको सान्दर्भिकता अझ बढ्नेछ ।

**जय श्री राधे**




यदा ह्ययोवैष एतास्मिन्नुदरमन्तरं कुरुते । अथ तस्य भयं भवति ।
(तैत्तिरयो. २-७)

नारदजीले आफ्नो चौरासी भक्ति सूत्रहरुमा एउटा सूत्र बनाउनु भएको छ : अन्याश्रयाणां त्यागोऽनन्यता । (ना.भ.सू.१०)

अर्थात् अनन्यको तात्पर्य हो भगवान् र गुरुलाई छोडेर अन्यमा मनको एटैचमेन्ट नहोस् । अन्य माने मायिक देवी, देवताहरुमा, मायाबद्ध जीवहरुमा, मायाबद्ध राक्षसहरुमा, र मायाको सामानहरुमा कतै पनि मनको यदि एटैचमेन्ट छ भने त्यो अन्य हो । यी चारैवटामा मनको एटैचमेन्ट न होस् केवल हरिगुरुको श्रीचरणमा नै सदा मन अनुरक्त रहोस् ऊ नै अनन्य भक्त हो । भगवान् भन्नु हुन्छ कि मेरो सन्तसँग, मेरो नामसँग, मेरो गुणसँग, मेरो लीलासँग, मेरो धामसँग प्रेम गऱ्यौ भने त्यो मलाई नै प्रेम गरे सरह हुनेछ किनभने यिनीहरुमा भेद छैन । भगवान्को नाम, रुप, लीला, धाम, सन्त यिनीहरु सबैमा सबैको निवास छ । कुनै स्यानो ठुलो छैन । भगवान्मा सबै र हन्छन, सबैमा भगवान् रहनु हुन्छ । यसकारण भगवान् श्री कृष्ण सम्बन्धी वस्तुहरुमा कहीं पनि मनको एटैचमेन्ट रहन्छ भने त्यो सही हो र मायिक जीव या मायिक सामानमा एटैचमेन्ट रहन्छ भने त्यो अन्य हुन जान्छ । त्यो अपराध हुन्छ । ऊ माथि कृपा हुँदैन । अलिकति पनि कतै गडबड छ, एटैचमेन्ट छ प्वाएन्ट वन परसेन्ट पनि भने भगवान् भन्नु हुन्छ अझै दूरी छ।

हेर ! पारस र फलाम यदि मिल्यो भने फलाम सुन बन्दछ । यदि पारस फलामको नजिक आओस् तर आपसमा टच (छोइएन) भएन भने, दुवै मिलेन भने सुन बन्दैन । एउटा नाङ्गो तार छ जसमा बिजुलीको करेन्ट छ, हामीले त्यसको नजिक औंला लग्यौं भने केही हुँदैन किनभने औंला अझै तारसँग छोईएको छैन, थोरै दूरी रहेको छ , अझै बिजुलीको करेन्ट तिम्रो शरीरमा आऐको छैन । तिम्रो औंला तारसँग छुना साथ त्यसले तिमीलाई समाती हाल्छ । यसरी नै जब मन केवल भगवान्को क्षेत्रमा नै रहन्छ (नै, पनि होईन) भने त्यो मन लाई अनन्य भनिन्छ। यो सबै अभ्यास गर्दा गर्दा नै हुन्छ। एक दिनमा होस्, एक वर्षमा होस्, एक जन्ममा होस् , हजार जन्ममा होस् , यो सबै तिम्रो स्पीड (गति) मा निर्भर गर्दछ। एउटा व्यक्ति दुई कदम अगाडि बढ्छ र एक कदम पछाडि जान्छ भने गन्तव्यमा धेरै दिनमा पुग्नेछ । एउटा व्यक्ति लगातार हिड्दै गयो भने उ छिटो पुग्छ, एउटा व्यक्ति दगुर्दै हिंड्यो भने ऊ अझै छिटो पुग्नेछ र एक व्यक्ति कारमा जान्छ भने ऊ अझै छिटो पुग्नेछ। यो त आफ्नो आफ्नो साधनामा निर्भर गर्छ। तर एक दिन त्यहीं पुग्नु छ। राधाकृष्णको नाम, रुप, लीला, गुण, धाम जनमा नै मन सदा लागि रहोस् र एक क्षणपनि कतै अन्यत्र न जाओस्, त्यसैलाई भनिन्छ अनन्य प्रेम ।

यता



आन्तरिक भावहरु अनुसार बाह्‌य क्रियाहरुलाई दबाउनु के उचित हो ? दबाउँदा एक दिन विस्फोट हुन्छ कि ? भन्ने प्रश्न उठ्‌न सक्छ । पूर्ण कन्ट्रोल त तब मात्र हुन सक्छ जब योगमायाको शक्ति प्राप्त हुन्छ । साधनाकालमा मनको निग्रह जुन जुन भावहरुबाट हुन्छ अथवा त्यसमा सहायता मिल्दछ भने त्यसलाई रोक्न ठीक होइन । रोक्ने कुरा यसकारण भनिएको छ कि त्यो लोकरञ्जनको विषय न बनोस्, अन्यथा साधकको पतन हुन्छ । लोकरञ्जन र आफ्नो राम्रो परिस्थितिको कारण उत्पन्न मान सम्मान बाट पैदा भएको अहङ्कारलाई रोक्ने सबैभन्दा राम्रो उपाय यो हो कि प्रतिक्षण यो सोची राख कि भगवत्प्राप्ति र भगवत्प्रेम त अझै मलाई प्राप्त भएको छैन । त्यो प्राप्त नभएसम्म सबै अवस्था नगण्य हुन् ।

अन्तःकरण शुद्धिका लागि आँसु आउनु आवश्यक छ । आँसु बगाउनका लागि दीनताको भाव ल्याउनु पर्छ । आफूलाई पतित, निराश्रित महसूस गर, आँसु अवश्य आउनेछन् । आँसु नआउनुले यो सिद्ध गर्छ कि हामीभित्र अभिमान लुकेको छ जसले हामीलाई पतित अनुभूत गर्न दिदैन । बारम्बार प्रयास गर, भगवान्‌को दिव्य दर्शनको लागि परम व्याकुलता पैदा गर । जब भगवान् को यादमा अन्तःकरण पग्लिन्छ, आँसु बग्न थाल्छ, मनको कलुष निस्किन्छ अनि भगवान् सदाको लागि विराजमान भई हाल्नुहुन्छ । आँसु आउँदा पनि अभिमान नआउन पाओस्, नत्र भने त्यो पनि छिनिन सक्छ । जबसम्म श्यामा-श्यामसँग भेट हुँदैन तबसम्म सबै आँसु बेकार नै हुन्छ । जब असली आँसु आउँछ तब त्यो आँसु पुछ्‌नका लागि स्वयम् भगवान्‌लाई आउनै पर्छ ।

हामीलाई भगवान्‌को शरणागति गर्नु छ । शरणागतिको अर्थ हो केही पनि नगर्नु । तर अनादिकालदेखि हामी धेरै कुराहरु गर्न अभ्यस्त छौं, यसकारण हामीलाई केही पनि नगर्ने अवस्थासम्म आउनका लागि धेरै अभ्यास गर्नुपर्ने हुन्छ, यसैको नाम साधना हो ।

मायाँ निवृत्ति त मुक्ति प्राप्त भयो भने भई हाल्छ । तर हाम्रो लक्ष्य त श्रीकृष्णको माधुर्य भाव युक्त निष्काम प्रेम प्राप्त गरेर उनको सेवा प्राप्त गर्नु हो । त्यो दिव्य निष्काम प्रेम अन्तःकरण शुद्ध भयो भने गुरुद्वारा प्राप्त हुन्छ तब भगवान्‌को सेवा प्राप्त हुन्छ र भगवान् को आनन्दको भोग गर्न सकिन्छ । अतः आनन्दकन्दको आनन्दको भोग गरेर नै हाम्रो काम बन्छ ।

**जगद्‌गुरु श्री कृपालु जी माहाराज**
**(साभार : "प्रश्नोत्तरी" बाट)**



# प्रेम रस मदिरा

## सिद्धान्त माधुरी

रटो रे मन छिन छिन श्यामा श्याम
सद्घन चिद्घन आनंदघन जो, रूप एक द्वै नाम।
जासु नाम शिव शुक सनकादिक, गावत आठों याम।
जाकी लीला लखन ज्ञानिजन, बने विटप ब्रजधाम।
जासु धाम विधि ब्रज-रस याचत, ठडे एक ही पाम।
जिन कृपालु गुन सुनि शुक से मुनि, तजत समाधि ललाम॥

**भावार्थः-**

हेर् मन ! श्यामाश्याम युल नाम प्रतिक्षण गाउने गर् । यी श्यामाश्याम सच्चिदानन्द ब्रह्मकै दुई अभिन्न नाम हुन् । शिव, शुकदेव, सनकादिक परमहंससमेत आठै प्रहर यिनै नाम गाइरहन्छन् । यिनका लीला हेर्न ज्ञानीजन पनि व्रजमा वृक्षको रूप धारण गरेर बसेका छन् । ब्रह्मा पनि एक खुट्टाले उभिएर यिनका धामको धुलो मागिरहन्छन् । श्रीकृपालुजी भन्नुहुन्छ - यिनै युल सरकारका गुणहरु सुनेर शुकदेव परमहंससमेत आफ्नो निर्विकल्प समाधि छोडेर व्यासजीबाट श्रीमद्भागवत श्रवण गर्छन् ।



# गुरु कृपा

गुरुवर त कृपाको मूर्ति हुनहुन्छ अर्थात् भित्र बाहिर सर्वत्र कृपा नै कृपा हुनुहुन्छ । यो नै उनको वास्तविक स्वरूप हो । कृपालुको अर्थ हो कृपा लुटाउने वाला । कोही दुर्भावनाले आओस् वा सदभावनाले उनी कहाँव आओस् उनले सबैमाथि कृपा नै गर्दछन् । यस्तो प्रतित हुन्छ गुरुवरको तन मन सबै कृपाले नै बनेको होस् । सुत्दा, बिउँझिदा, उठ्दा, बस्दा उनको एउटै काम हो जीवहरूमाथि कृपा गर्नु । उनको तन मन सबै कृपाले नै बनेको छ कृपा बेगर उनी बस्नै सक्तैनन् । तर जुन दिन हामीले उनलाई शत प्रतिशत् कृपालु मान्छौं बस हाम्रो काम बनी हाल्छ ।



# चिन्तनको रिभिजन

तत्त्वज्ञानलाई पटक-पटक श्रवण गर्नु पर्दछ । वेदव्यासले आफ्नो ब्रह्मसूत्रहरुमा एउटा सूत्र बनाई दिए - **आवृत्तिरसकृदुपदेशात् । (ब्रह्म. सू. ४.१.१)**

पटक पटक उपदेश सुन । थाहा छ, मलाई थाहा छ तर त्यसलाई पक्का गर्नका लागि किनभने यो उपदेश वा सैद्धान्तिक ज्ञान उडी हाल्छ, यो टिक्दैन । विस्मरण भईहाल्छ, बिर्सी हालिन्छ, व्यावहारिक जीवनमा । सुन्ने समयमा अब समझमा आई हाल्यो तर जब संसारमा गयौ कि बिर्सी हाल्यौ । हेर एउटा स्यानो कुरा भगवान् सर्वव्यापक छन्, भगवान् सबैको ह्दयमा बसेका छन् । कति हजार पल्ट पढ्यौ, सुन्यौ, बिर्सी हाल्छौ, संसारमा गयौ अनि बिर्सि हाल्यौ । सोच्न थाल्यौ कसैको बिरुद्धमा, सोच्न थाल्यौ चार सय बिस । भित्र बसेका भगवानले सबै नोट गरिरहेका छन्, बिर्स्यौ । जीवले कहिल्यै यो अहङ्कार नगर कि मैले सबै बुझेको छु ।

**सिद्धान्त बलिया चित्ते ना कर आलस ।**

महाप्रभुजीले भन्नु भएको छ कि सिद्धान्तलाई पटक पटक सुन्नु पर्छ तब पक्का हुन्छ । संसारसँग प्रेम हुन्छ, दुश्मनी हुन्छ कसरी हुन्छ ? एउटा केटाले एउटा केटी देख्यो, अर्कोले पनि देख्यो । राम्री छे । अब एउटा केटोले चिन्तन शुरु गर्‍यो योसँग भेट्नु पर्छ, यसको बारेमा पत्ता लगाउनु पर्छ यो कहाँ कि हो ? कसरी पत्ता लाग्ला ?

अब यो चिन्तन, चिन्तन, चिन्तन । अर्को आफ्नो बाटो लाग्यो कुनै काम विशेषले, उसले भन्यो अरे तमाम केटीहरु आउँछन्, जान्छन् । त्यो पहिलो केटो चिन्तन गर्दा गर्दा खाने पिउने सुत्ने सबै छाड्यो । एक दिन उसले सुन्यो कि त्यो केटीको त विहे भएछ, अनि यसले आत्महत्या गरेछ । हरे, यति ठूलो काण्ड कसरी भएछ ? बस चिन्तन चिन्तनको रिविजन । चिन्तनको रिवीजनले सर्वनाश र भगवत्प्राप्ति, यो दुवैको एउटै सिद्धान्त हो । एउटा राम्रो श्लोक वेदव्यासले लेखेका छन् भागवतमा -

**विषयान् ध्यायतश्चितं विषयेषु विषज्जते ।**
**मामनुस्मरतश्चित्तं मय्येव प्रविलीयते ॥ (भागवत ११.१४.२७)**

अरे मनुष्य हो, पटक पटक चिन्तन गऱ्यौ तिमीले संसार मा त्यसमा एटैचमेन्ट भयो, पहिले कहाँ थियो, जब तिमी जन्मेका थियौ ? कहाँ एटैचमेन्ट थियो ? दुध खायौ, अनि गोडा उचाली रहेका थियौ, विभोर थियौ । बाउ मरेछ, मर्न देऊ, त्यसको बारेमा मलाई के मतलब छ । आमा मरिछन्, ठिक छ, बस् दुध खान देऊ चाहे जे सुकै होस् । अब जब जब तिमी ठूलो भयौ, बिरामी लाग्न थाल्यो । यसकारण चिन्तन प्रमुख हो । वेदव्यास भनछन् 'म' मा सुखको चिन्तन गर, यदि पटक पटक गर्छौ भने 'म' मा एटैचमेन्ट हुन्छ । जब फोहर चिजमा एटैचमेन्ट हुन्छ, यो चिया छ, सिगरेट छ, रक्सी छ र ऊ भन्छ मरे पनि म रक्सी छोड्न सक्तिन । पत्नी, आमा, बाउ, छोरा सबै छोडी दिन्छु तर रक्सी छोडन सक्तिन । जड वस्तु 'म' मा त आनन्द छ मनुष्यहरु हो, अलिकति अझ अगाडि बढ र जब आनन्दको झलक पायौ भने बैकुण्ठलाई लात हान्ने छौ । अलिकति हिंड त । यो कल्पना होइन वास्तविकता हो ।

**जगद्गुरु श्री कृपालु जी महाराज**
**(साभार : "बार बार पढो, सुनो, समझो" बाट)**




प्रेमरस संकीर्तन नया संस्करण श्यामा श्याम धाम, ठिमी भक्तपुर पुस्तक स्टलमा उपलब्ध छ ।



# अन्तःकरण शुद्धि





**श्रध्दा युक्त सत्संग गोविन्द राधे ।**
**पतित जनों से भी साधना करा दे ॥**

हेर्नु होस् , हामीहरुलाई अन्तःकरण शुद्ध गर्नु छ। बस एउटा काम । हामीहरुले भगवत्प्राप्ति गर्न सक्तैनौं, माया निवृत्ति पनि गर्न सक्तैनौं। असम्भव । हामी मात्र होइन घोर तपस्या गर्ने वाला योगीन्द्र मुनीन्द्र पनि न मायाबाट उत्तीर्ण हुन सक्छन्, न भगवत्प्राप्ति गर्न सक्छन् । किन ? यसकारणले कि हामीसँग जुन वस्तु प्राप्त छ त्यो मायिक हो - शरीर मायिक। इन्द्रियहरु मायिक, मन मायिक, बुद्धि मायिक। हामीले कुनै पनि साधना तपश्चर्या यिनैका माध्यमले गर्छौं र यी सबै मायिक छन् । मायाले बनेका छन्, प्रकृतिले बनेका छन् ।

**गो गोचर जहँ लागि मन जाई। सो सब माया जानहु भाई।**

हामीले जे देख्दछौं मायिक, जे सुन्दछौं मायिक, जे सुँघ्छौं मायिक, जे सोच्दछौं मायिक, जे निर्णय लिन्छौं मायिक। र भगवान् छन् दिव्य। अनि यी मायिक उपकरणका माध्यमले भगवान् (दिव्य) लाई कसरी प्राप्त गर्न सक्छौं ? इम्पोसीबल, असम्भव । हामी एउटा काम गर्न सक्छौं, अन्तःकरणलाई शुद्ध बनाउन सक्छौं। शुद्ध गर्नु को मतलब के हो ? यसको फोहर निकाल्न सक्छौं, अन्तःकरण त सूक्ष्म हुन्छ । हो । त्यसमा फोहर के हुन सक्छ र ? हेर कपडाहरुमा फोहर त हुन्छ। अन्तःकरणको फोहर हो मायिक विकार - काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, इर्ष्या द्वेष, पाखण्ड, यी तमाम जुन बिमारीहरु छन् मनको, यी मनका मयल हुन् यसलाई धुनु छ, निकाल्नु छ, साफ गर्नु छ। त्यसैको नाम हो अन्तःकरण शुद्धि। त्यो हामीले गर्न सक्छौं। यस भन्दा बढी

हामी केही गर्न सक्तैनौं चाहे करोडौं कल्प तपस्या गरौं, टाउकोको बलमा उभी राखौं । अन्तःकरणको शुद्धिको लागि हामीलाई साधना गर्नुपर्छ, पतितहरुलाई, हामी भनेको मतलब हो पतितहरु । जो शुद्ध छ उसलाई के गर्नुछ ? जो पतित छन्, जसको मन फोहर छ उसैलाई त साधना भक्ति गर्नु छ । उसको लागि दुईवटा प्रतिज्ञाहरु छन्, अनिवार्य, एउटाको नाम हो श्रद्धा र अर्कोको नाम हो सत्संग । यी दुई चिज मिल्यो भने भक्ति भई हाल्छ र साधना भक्ति भयो भने अन्तःकरण शुद्ध भई हाल्छ, अर्थात् साँचो श्रद्धा होस् र साँचो सत्संग होस् । साँचो सन्तको साँचो सङ्ग । यदि साँचो श्रद्धा हुन्छ भने साँचो सन्त को साँचो सङ्ग भई हाल्छ । हेर्नुहोस्, दुई चिजहरु छन् एउटा श्रद्धा हामीसँग भएको सामान र एक वास्तविक सन्त यो बाहिरको सामान, यी दुवै सामान सही सही होस्, मिसावट नहोस् । मिसावट भनेको श्रद्धा छ हाम्रो अली अली, दश प्रतिशत छ, बिस प्रतिशत छ, पचास प्रतिशत छ, यो मिसावट हो । हामी सन्तमाथि शङ्का पनि गर्दछौं, विश्वास पनि गर्दछौं । फेरी शङ्का गरीहाल्छौं फेरि विश्वास गरी हाल्छौं । यो जुन हाम्रो ढुलमुलको श्रद्धाको तापक्रम छ यो सही छैन । श्रद्धा शतप्रतिशत हुनुपर्छ, शङ्का आउन न पाओस् ।

**आनुकूल्यस्य संकल्पः प्रतिकुल्यस्य वर्जनम् । (भ.र.सि.)**

साचो सन्त हो भने साँचो संग पनि हुन्छ, हुनु पर्छ । साँचो भोक छ भने, साँचो भोकको खाना पनि मिठो हुन्छ, हो छिटो खान्छ । र यदि भोक कम छ भने बिस्तारै गर्छ । किन न खाएको, ? मन छैन । ज्वरो आएको समयमा बच्चाहरु यस्तै गर्दछन् । अनि बाउ आमा भन्दछन् जबर्जस्ती भएपनि खानु पर्छ, होईन वान्ता होला जस्तो हुन्छ । हो यसै गरी भगवान्को विषय मिठो लाग्दैन यदि श्रद्धा कम भयो भने । मिठो लागे पनि थोरै बेर मात्र । त्यस पछि निन्द्रा लाग्न थाल्छ । के गरौं हजुर, त्याहाँ त पुरै दिन हरे राम हरे कृष्ण हुन्छ । थोरै समय भयो भने त राम्रै लाग्छ । अब दिन भरी राधे राधे, राधे राधे । मलाई त निद्रा आउन थाल्छ र मन अनुसारको कुनै चिज भए त निद्रा त लाग्दैन । विवाह आदिको समयमा रातभरी न सुती बस्छौं, सडकमा नृत्य गर्छन् । साँचो श्रद्धा होस्, साँचो सन्त होस्, अनि साँचो संग हुन्छ । यो निर्विवाद छ कि साँचो संग पनि त अनिवार्य छ । साँचो भोक छ र रसबरी राखिएको छ भने उसले अवश्य खान्छ , स्वभाविक हो । साँचो फलाम हो र साँचो चुम्बक हो भने अवश्य तान्छ । हेर्नुहोस् ! कुनै सामान तपाइँ अगाडि देख्नुहुन्छ । त्यो सामान देख्नका लागि दुई चिज चाहिन्छ, आँखा सही होस्, मोतियाबिन्दु छ भने अगाडि बसेको व्यक्तिलाई पनि देखिदैन । अब यदि आँखा ठिक छ भने देखिन्छ । एकदमै ठिक छ तपाइँको आँखा र अँध्यारो छ भने आफ्नै घरको कोठामा अड्किएर लड्न सक्नु हुन्छ । होइन किन गिरेछन्, अन्धो हो कि के हो ? हेरेर हिड्नु पर्दैन ? हेर्नुहोस् हजुर, म हेरेर हिँडिरहेको छु, अन्धो पनि होइन तर अँध्यारो छ, बिजुलीको लाइन गयो, त्यसैकारणले लडें । यसकारण कुनै पनि वस्तु देखिनका लागि दुई चिज आवश्यक छ आँखा पनि ठिक होस्, उज्यालोमा सामान होस् अर्थात् सामानको माथि प्रकाश होस् । त्यसै गरी साँचो श्रद्धा होस्, र साँचो सन्त होस् अनि साँचो सङ्ग हुन्छ अनि हामी साधना गर्न सक्छौं, गर्नुपर्छ । अनि तर, यस्तो, उस्तो, यो खोपडी लगाउनु पर्दैन । अब बन्द । जब डक्टरले जवाफ दिन्छन् कुनै बिरामीलाई अनि उसको बुवाको के दशा हुन्छ । अब छोरालाई के उपचार गरौं ? म भनुँ के गर्ने भनेर ? त्यहाँ एक जना बाबाजी बस्नु हुन्छ, त्यहाँ लैजाऊ । उनले यस्तो जडीबुटी दिन्छन् कि सबै प्रकारका रोगी ठिक हुन्छन् । अब ऊसँग कसैले प्रश्न गर्दैनन्, के तपाइँले देख्नु भएको छ ? तपाइँलाई कस्तो अनुभव भएको छ कि त्यो बाबाजीले कस्तो जडीबुटी गर्नु हुन्छ । होइन दौडिन्छ ऊ । पक्का श्रद्धा भइहाल्यो अब यो सुनेर । जब श्रद्धा पक्का हुन्छ, तब साधना पनि पक्का हुन्छ । सात दिनमै ठुला ठुला पतितहरुले भगवत्प्राप्ति गरेका छन् ।

**क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति । (गीता ९–३१)**

सरेन्डर गर्नुछ भगवान् प्रति, त्यही त साधना भक्ति हो तपाइँले त एक मिनटमा गर्न सक्नु हुन्छ एक दिनमा गर्न सक्नु हुन्छ, एक सातामा, एक महिनामा, एक वर्षमा सक्नुहुन्छ । संसारमा धेरै एटैचमेन्ट भइसकेको छ अनादि कालदेखि, त्यसैले श्रद्धा त्यस्तो हुन पाउँदैन जस्तो हुनुपर्ने हो । यसकारण ढिलो भइरहेको छ । साँचो साधनाको स्वरुप तब मात्र बन्छ जब सन्त सच्चा होस्, तब पो उसको मार्ग पनि सच्चा हुने थियो र हामी तत्काल हिँडने छौं त्यस मार्गमा र अन्तःकरण शुद्ध भइहाल्छ । त्यसपछि, सन्त र भगवान्ले आफ्नो काम गर्नुहुन्छ ।

**जगद्‌गुरु श्री कृपालु जी महाराज**

**(साभारः "श्रद्धा" नामक पुस्तकबाट )**

# कृपालु गुरुदेव

१. मैले कुनै जीवलाई छाडि दिन्छु यो कसरी सम्भव छ र ? यो त त्यस व्यक्ति विशेषको स्थितिमा निर्भर गर्दछ । जब सम्म ऊ अलग रहन्छ, तबसम्म मात्र अलग रहन्छ । जुनबेला ऊ भित्रबाट ठिक भइहाल्छ कृपालुलाई पनि तत्कालै ठिक भइहाल्नु पर्छ, चाहे त्यसभन्दा अगि उसले अनन्त पाप किन नगरेको होस् ।

२. भगवत्प्राप्तिको एक मात्र मूल्य छ, गुरु शरणागति । हामी गुरुप्रति शरणागति किन हुँदैनौं, किनभने हाम्रो मनमा यो छ कि रातभरिको कीर्तन छ, गुरुले आज्ञा दिनुभयो अनि सोचें गुरुजी त अब सुत्न जानु भयो म पनि जान्छु, गुरुजीलाई के थाहा हुन्छ भोलि बिहान छिटो आइहाल्छु । यही झुठो कुराले नै  हामीलाई पतन गराउँछ । यही कारण हो कि हामी कैयौं पटक अगाडि बढ्दा बढ्दै पनि फेरि खसी हाल्छौं ।

३. यदि गुरुले केही चिज माग्नु हुन्छ भने बुद्धि किन लगाउछौ । सोच जब तिमी आएका थियौ तिम्रो तनमा कपडा थिएन, त्यो भगवान् वा गुरुले नै दिनुभएको थियो, अनि सबै कुरो गुरुकै हो भने उनलाई दिनका लागि किन बुद्धि लगाउँछौ, पटक पटक सोच ।

४. मेरा स्वामी त यस्ता छन् जो स्वयम् बिउँझै रहन्छन्, सदा मेरो रक्षा गर्छन्, स्वयम् केही खाँदैनन्, मलाई मनलागेको कुरा ख्वाउँछन् । मेरो साथ कहिल्यै छाड्दैनन्, यस्ता स्वामीलाई छोडेर अरु कसैको साथमा म किन बसूँ ?

५. गुरु हाम्रो अत्यन्त निकट हुनुहुन्छ, दिनरात हाम्रो साथमा रहनु हुन्छ । उनको वियोग कहिल्यै हुँदैन ।

६. साना साना गल्ति, साना साना गुरु आज्ञाहरुको प्रति लापरवाहीले एक दिन जीवलाई पतनको ढोका अगाडि उभ्याइदिन्छ । गुरुआज्ञा उल्लङ्घन गरेर सेवा गर्नु पनि नामापराध हो ।

७. हमेशा यो विचार गरी राख कि तिमीले गरेका साधना सुरक्षित पनि भई रहेको छ वा तिमीले गरेको कार्यले नष्ट भइरहेको छ । राती सुत्नेबेलामा गुरुलाई आफ्नो अन्तःकरणमा प्रवेश गराएर सुत्ने गर ।

८. भगवान् र सन्त यी यस्ता दुई व्यक्तित्वहरु हुन् जो शरीरबाट अलग भएको देखिन्छन् । अभिनय गरेर कसैलाई छाडेर जीवनभरि को वियोग दिन सक्छन् तर भित्रबाट कहिल्यै अलग हुन सक्तैनन् ।

९. हाम्रो शरीर रहँदैन तब पनि उनी रहन्छन् । नर्कमा पनि उनी हाम्रो साथमा रहन्छन् र बैकुन्ठमा पनि उनी हाम्रो साथमा रहन्छन् । उनले हाम्रो साथ छाडिदिन्छन यस्तो कहिल्यै सोच्नु हुँदैन । यस्तो सोच्दै न सोच - उनको अनुभव गर्नुपर्छ ।

# हामी कति भाग्यशाली

देव-दुर्लभ मानव-देह अनन्त जीवहरुमध्ये कसै कसैले मात्र पाउँछन्, अर्थात् पुरै बह्माण्डमा केवल सात अरब मनुष्य छन्। जब कि एउटा स्यानो खाल्डो मा पाँच अरब जीव रहन्छन्। विचार गर कि तिमी कति भाग्यशाली छौ "**सुर-दुर्लभ सद्ग्रन्थनि गावो**" । फेरि उनीहरुमा ती अझ भाग्यशाली छन् जसले भारतमा जन्म लिएका छन् किनभने त्यहाँ जन्मेदेखिनै भगवान्‌को नाम सुन्न पाइन्छ। "**धन्यास्तु ये भारत भूमि भागे**" । फेरि भारतमा पनि ती अझ भाग्यशाली छन् जसले कुनै महापुरुषसँग भेट्न पाएका छन् । जसको पछि पछि भगवान् चरणधुलीको लागि हिंड्नु हुन्छ। "**अनुव्रजाम्यहं नित्यं पूयेयेत्यंघ्रिरेणुभिः।** फेरि ती भाग्यशालीहरुमा पनि ती अझ बढी भाग्यशाली छन् जसलाई गृहस्थको प्रपञ्चबाट गुरुले बचाउनु भएको छ। फेरि उनीहरुको भाग्यको प्रशंसा त कसरी गर्ने जो गुरु आश्रममा परम् त्यागमय जीवनयुक्त गुरुको सेवा गर्छन्। यस भन्दा बढी सौभाग्य असम्भव छ। यी सबै सौभाग्य पाएर पनि जो अगाडि बढेन भने त्यसको समान दुर्भाग्य वा आत्महनन अरु के होला ? उसको मनमा हरि एवं गुरुको अतिरिक्त अहङ्कार वा रागद्वेष आउँछ भने यही बुझ्नु पर्ने हुन्छ कि उसले सबै कृपाहरुलाई आफ्नो पाईताला बाट कुल्चिने प्रतिज्ञा गरेको छ।





प्रमुख साधना दीनता हो । यसैको आधारमा भक्तिको महल खडा रहन्छ । यसकारण यो शौक पैदा गर्नु पर्‍यो कि कसैले मेरो निन्दा गरोस् र म खुशी भएर धन्यवाद दिऊँ तथा त्यस निन्दालाई स्वीकार गरेर त्यसलाई ठिक गरुँ । त्यसबाहेक यो पनि आवश्यक छ कि हामी कसैको निन्दा न सुनौं, न हेरौं, न गरौं, न सोचौं। यदि कहिल्यै मनमा यस प्रकारको सर्वनाश गर्ने वाला भावना आयो भने पनि जोड जोड ले कीर्तन गर्न लागौं। गुनासो कसैकोबारेमा कसैसँग नगरौं, न सुनौं, स्वयम्‌लाई ठिक बनाऔं। अनन्त जन्मको पापात्मा आफुलाई असल कसरी बुझ्न सकिन्छ र। एक छिन विचार गर जीवन क्षणभङ्गुर छ। यसर्थ यदि भोलिको दिन नपायौं भने यति ठूलो गुरु-कृपा, भगवत्कृपा, सौभाग्य सबै व्यर्थ जानेछ। पटक पटक सोच, पटक पटक विचार गर ।

**– कृपालु**

**जगद्गुरु श्री कृपालु जी महाराज**

(साभार : "गुरु कृपा" बाट)

**जगद्गुरु श्री कृपालु जी महाराजसँग साधकहरूले राखेका जिज्ञासा एवं तिनका समाधानको नेपाली रूपान्तरण**



# प्रश्नोत्तर–१६८

सर्वव्यापक भएर पनि किन आजसम्म भगवान्लाई भेट्न सकिएको छैन? भन्ने जिज्ञासाको सम्बन्धमा आचार्यवर यसप्रकार बताउनुहुन्छ – तिमीले भगवान्लाई चाहेनौ । हेर भगवान्लाई चाहनुमा पनि अनेक स्तर हुन्छन् । तिमीले यस्तो चाहना राख कि उनीविना एकपल पनि बस्न नसकिने होस् । उनीसँग नभेट्दाको क्षण एक युग बराबर लागोस् । यस्तो पूर्ण शरणागति भएपछि मात्र उनीसँग भेट्न सकिन्छ । यो संसारमा जुन यो मेरो, त्यो मेरो भन्ने भावना हाम्रो अन्तःकरणमा भरिएको छ यो सबै सांसारिक ममतालाई समेटेर प्रभुको चरणमा समर्पित गर्नुपर्छ । हेर त भगवान्ले कति ठुलो कृपा गरेर मानवदेह दिएका छन् हामीलाई । हाम्रो मनमा भगवद्सम्बन्धी जिज्ञासा पैदा गराइदिए, महापुरूषसँग भेटाए । यिनै कृपाहरूलाई हामीले महसुस गर्‍यौं भने हाम्रो हृदय पत्थर बनिर हने छैन । पग्लिने छ । मन नै बन्धन र मोक्षको कारण हो । यो मन संसारमा लागेको छ । यसलाई भगवान्मा लगाउनु छ । यही उपासना हो । कुनै पनि व्यक्ति आफ्नो प्रयासबाट त केवल अन्तःकरण शुद्ध गर्न सक्दछ तर प्रेम दान त गुरुले गर्दछन् । भगवान्को लीला रस लिनको लागि हो, बुद्धि लगाउनको लागि होइन । बुद्धि त मायाको क्षेत्रमा लगाऊ ।

***हेर त भगवान्ले कति ठूलो कृपा गरेर मानवदेह दिएका छन् हामीलाई । हाम्रो मनमा भगवद्सम्बन्धी जिज्ञासा पैदा गराइदिए, महापुरूषसँग भेटाए । यीनै कृपाहरूलाई हामीले महसुस गर्‍यौं भने हाम्रो हृदय पत्थर बनिरहने छैन । पग्लिने छ ।***

केवल भगवान्को गुणगान गरेर मात्र भगवत्प्राप्ति हुन सक्दैन । गाउने काम त गायकले पनि गर्नसक्छ । तर गाउँदा भगवान्को रूपध्यानसहित भक्तिभावले गाउनुपर्छ । विशेषतः हामी अधम छौं, पतित छौं, अनन्त जन्मका अनन्त पापको पोको टाउकोमाथि बोकेका छौं र भगवान् अकारण करूण छन्, भक्त–वत्सल हुन्, पतित–पावन हुन्, अधम–उधारनहार हुन् आदिजस्ता भावना मनमा लिनुपर्दछ ।

# जगद्गुरु अमृतवाणी



- शरीर के लिये संसार और आत्मा के लिये भगवान् की नितान्त आवश्यकता है।

- जो शरीरको 'मै' मानी हैं वे शारीरिक सुखों का लक्ष्य बनाते है और जो आत्मा को 'मै' मानते हैं वे आत्मा सम्वन्धी लक्ष्य की ओर बढ्ते है।

- बार-बार सोचो कि भगवान् में सुख है,भगवान् में सुख है। हरि गुरु ही मेरे हैं। यह बार-बार सोचोगे तो भगवान् से प्यार हो जायेगा।

- जैसे-जैसे वास्तविक सन्त के निकट आयेंगे संसार में कोइ भी वस्तु अथवा व्यक्ति गन्दा नहीं दिखाई पडेगा।

- संसार किसि और के साथ कहीं और जा रहा है। तुम्हें किसि और के साथ कहीं और जाना है।

# सम्पादकीय

आत्म कल्याणार्थ ज्ञानार्जन गर्न जीवन उत्सर्ग गरेका मुमुक्षुजनकालागि अत्यन्तै महत्त्वपूर्ण तथा जीव कल्याणार्थ वेद शास्त्रादि प्रकट गरि दिनुहुने गुरु प्रकट हुनुभएको पावन दिन "**गुरु पूर्णिमा**" को सुखद उपलक्ष्यमा सम्पूर्ण साधक तथा तत्त्व जिज्ञासु महानुभावमा हार्दिक मंगलमय शुभकामना। गुरुपूर्णिमा समस्त जगत्लाई अज्ञानरुपी अन्धकारबाट मुक्त गराई ज्ञानरुपी उज्यालोतर्फ डोऱ्याउन प्रकट हुनु भएका व्यास ऋषि (वेदव्यास) को प्राकट्य दिवस हो । उहाँले नै कलिमल ग्रसित जीवको कल्याणका लागि यो कलिकालमा उपयुक्त हुने वेद, शास्त्र, पुराणादिका दिव्य वचन लिपिवद्ध गरिदिनु भयो । यसै पावन दिनमा आफूलाई शिक्षा दिने गुरुजनप्रति सम्मान गर्ने र गुरुको स्मरण पूजन गर्ने पर्वको रुपमा मनाइने परम्परा रहको छ । यो पावन दिनमा सद्गुरुको चरणकमलको बन्दना गरौं ।

**बंदऊँ गुरु पद कंज कृपा सिन्धु नर रुप हरि ।**
**महामोह तम पुंज जासु बचन रबि-कर-निरकर ॥ - तुलसीदासजी**

ज्ञान मध्येको सर्वोत्तम ज्ञान भनेको आध्यात्मिक क्षेत्रको निष्काम भगवद् भक्तिको ज्ञान नै हो। यस्तो प्रकारको ज्ञान दिएर मनका सारा अन्धकार हटाउन सक्षम व्यक्तित्त्व नै गुरु हो र मनुष्यलाई ठिक-बेठिक, सत्य-असत्य, न्याय-अन्याय, प्राकृतिक-कृत्रिम र भौतिक-आध्यात्मिक विषय वस्तुको भेद सिकाइ सदा सर्वदा उचित मार्गमा अघि बढ्न प्रेरित गर्ने र बढाउन सक्ने शक्ति नै गुरुतत्त्व हो। हाम्रो वैदिक सनातन हिन्दू धर्ममा गुरुलाई आत्मा र परमात्मालाई चिनाउन सक्ने र भगवद् प्राप्ति (हामीले खोजेको अन्तिम सुख-आनन्द प्राप्ति)का लागि उचित मार्ग निर्देशन गर्नुहुने गुरुतत्त्वलाई भगवान् भन्दा पनि माथिको स्थान दिइएको छ।

**गुरु मेरा मन्दिर गुरु मेरी पूजा ।**
**गुरु मेरा पार ब्रह्म और न दूजा ॥ - गुरुग्रन्थ साहि**

यसै कारणले पनि गुरुको महिमा स्मरण गर्ने र उहाँप्रति श्रद्धा प्रकट गर्ने दिन भएकोले गुरुपूर्णिमाको विशेष महत्त्व छ। आजकै दिन हरेक विद्यार्थीले आफ्ना शिक्षक र अभिभावक समेतलाई पनि गुरुरुपमा स्मरण र पूजन गर्ने चलन रहेको छ।

**सुमिरन करले मना राधा अरु राधा रमना ।**
**तीनों मम प्राण धना गोपी ,राधा ,राधा रमना ॥**
**ह्वै निष्काम मना नित इनहिंन भजना ।**
**गोपी भाव गुरु ही मना , शरण ग्रहण करना ॥**
**- जगद्गुरुत्तम श्री कृपालु जी महाराज**

**ज्ञानार्जन गर्ने मुमुक्षुको लागि भनिन्छ कि :-**
**पानी पियो छान कर , गुरु बनाओ जानकर ॥**

यसको अर्थ हो यदि खराब (दूषित) पानी पियौं भने अनेक रोग आदिले समस्या गराउने छ। यसै प्रकार नजानी नबुझीकनै गुरु बनायौं भने पूरा जीवन नै धरापमा पर्न जाने छ।

गुरुतत्त्व परम निगूढतम तत्त्व हो, भवसागर पार गर्ने सुदृढ नौका हो । प्रत्येक जीवको अनन्त कालदेखिको खोजको विषय "परमानन्दको प्राप्ति" यिनै सद्गुरुको पूर्ण शरणागतिबाट मात्रै सम्भव छ। वेद शास्त्रले हरि-गुरुलाई पृथक तत्त्व नमानी एकै तत्त्व मानेका छन्।

स्वयम् भगवान् श्रीकृष्ण उद्धवसँग भन्नुहुन्छ :-

**आचार्यं माँ विजानीयान्मावमन्येत कर्हिचित् ।**

**न मर्त्यबुद्धयाऽसूयेत सर्वदेव मयो गुरु : ॥**

अतः मनुष्य रुपधारी गुरु भनेको सद्गुरुको रुपमा साक्षात् भगवान् कै अवतरण हो । हामीले यस्तो सद्गुरुलाई चिन्न सक्नुपर्छ । तर जगद्गुरुत्तम श्री कृपालु जी महाराजका साधक जनका लागि भने यो परम सौभाग्य हो कि हामीहरुलाई यस्ता नित्यसिद्ध महापुरुष प्राप्त हुनु भयो र हाम्रो अवस्थामा अनेकौं परिवर्तन गरि दिनुभयो ।

**पायो जी मैने राम रतन धन पायो,**

**वस्तु अमोलक दी मेरे सतगुरु , किरपा (कृपा) करि अपनायो ।**

**–मीरा बाई**

**गुरु चरण कमल वलिहारी रे , मेरे मन की दुबिधा टारी रे ।**

**भव सागर में नीर अपारा , डूबरहा नहीं मिले किनारा । पलमें लिया उबारी रे .मेरे .**

**–ब्रह्मानन्दजी**

यहाँ सम्म कि यी सद्गुरुको चरण पादुका पनि त्यत्तिको नै महत्त्वको हुन्छ ।

**अनन्त संसार समुद्र तारं , नौकायित्याभ्याँ गुरु भक्तिदाभ्याँ ।**

**वैराग्य सम्राज्यदपूजनाभ्याँ , नमो नमः श्री गुरु पादुकाभ्याँ ॥**

**– गुरु पादुका स्तोत्र, आदिजगद्गुरु शंकराचार्यजी**

अन्य कुरा हामी साधकजनको हातमा छ कि यस्ता गुरुवर पाएपछि साधना कति गर्ने र कसरी गर्ने ? तसर्थ साधकले हरि-गुरु सदा सर्वत्र आफूसँगै रहनु भएको छ र उहाँहरुले सदैव मेरो रक्षा गरिरहनु भएको छ भन्ने मान्नु पर्छ र आफूलाई कहिल्यै पनि एक्लो ठान्नु हुँदैन । हामीहरुले त साक्षात् भगवद् स्वरुप **"जगद्गुरुत्तम "** नै प्राप्त गरेका छौं । **"जगद्गुरु"** भन्ने शब्द धेरै पुरानो शब्द हो । महाभारतमा अर्जुनले श्रीकृष्णलाई जगद्गुरु भने का थिए "कृष्णं वन्दे जगद्गुरुम् ।"

**वसुदेव सुतं देवं कंस चाणुरमर्दनम् ।**

**देवकी परमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥**

स्कन्दपुराणको उत्तर खण्डमा श्री पार्वतीजीले भगवान् श्री शंकरजीलाई जगद्गुरु भनेर सम्बोधन गर्नु भएको छ र भागवतको दशम स्कन्धमा श्री शुकदेव परमहंसले श्रीकृष्णलाई पति रुपमा मान्ने गोपीहरुको सराहना गर्दै **"जगद्गुरुं भर्तृबुद्धया तासां किं बर्ण्यते तपः"** भा. १०।९०।२७ भन्नु भएको छ । अतः मूल जगद्गुरु (आद्यजगद्गुरु) श्रीकृष्ण हुनुभयो र संसारमा यो परम्परा आदि जगद्गुरु श्री शंकराचार्यजीबाट प्रारम्भ भयो जो स्वयम् श्री शंकर भगवान्कै अंशावतार हुनुहुन्थ्यो । वर्तमानमा हामीले **श्री कृपालु जी महाराजलाई जगद्गुरुत्तमको** रुपमा प्राप्त गरेका छौं । यो गुरुतत्त्वको गूढतम रहस्यलाई बुझेर अनुशरण गर्दै आफ्नो जीवन सफल बनाउन प्रयत्नशील रहनु मात्र हाम्रो कर्तव्य हो ।

यस्तो सद्मार्गमा अघि बढ्न श्री हरि-गुरुले कृपा गरुन् र यसै मानव जीवनमा भगवद् प्राप्ति गर्ने सौभाग्य प्राप्त हुन सकोस् । **"गुरुपूर्णिमा"** को यही भक्तिभावपूर्ण शुभकामना ॥

**जय श्री राधे**

सम्पादक : सम्पादक मण्डल



# गुरु महिमा अपरम्पार

अवर्णनीय छ गुरु कृपा । कसरी गुरुले शुरुदेखि अन्तसम्म हाम्रो सेवा गर्दछन्, यदि हामीले यो कुरा महसुस गर्न सक्यौं भने हाम्रो काम बन्छ । तर हामी कृतघ्नी छौं । उनको कृपालाई महसुस गर्न सक्तैनौं। उनले दिन रात हामी सँगै परिश्रम गर्दछन् हाम्रो लागि कष्ट सहन्छन्, तर पनि हामी उनीप्रति दुर्भावना राख्दछौं । पटक पटक अपराध गर्दछौं । तर उनी आफ्नो कृपालु स्वभावका कारण पटक पटक क्षमा गरिदिन्छन् । “केटाकेटी छ ठिक भइहाल्ला, बरु माफ गरिदिऊँ यसलाई ।” फेरि अपराध गऱ्यो उसले । जुन गुरु उसको पछि लाग्यो कल्याणको लागि उसैकोप्रति अपराध गरिरहेको छ । “गुरुजी लोभी छन्, यिनी त पैसाको साथी हुन् ।” यो हामीले हजारौं पटक सोच्यौं । कति ठुलो अपराध हो यो । यो सृष्टि भगवान्को हो, तिमी नाङ्गै आएका थियौ, तिमी सँग जुन सम्पत्ति छ त्यो त भगवान्को त हो।

भगवान् सन्तको पछि पछि दौडन्छन्, यदि उसले तिम्रो केही सम्पत्ति आफ्नो सेवामा लगायो भने, त्यो पनि तिम्रै कल्याणको लागि लियो भने त्यो त आफ्नो सौभाग्य न मानेर यो सोचिरहेका छौ कि गुरुजीलाई पैसा चाहिएको छ । हेर ! उसले पेसा दियो त ऊसँग कुरा गरिरहनु भएको छ, अङ्गालो हाली राख्नु भएको छ । मसँग पैसा छैन, म तिर त हेर्दा पनि हेर्नु हुन्न । यो प्रतिकूल चिन्तन गर्दछौ । यो पटक पटक अपराध गर्दछौं हामीहरु । सधै गर्दछौं । अलिकति पनि लाज लाग्दैन कि अपराध एक पटक गरिसकेपछि त फिल गर्छन्, दोश्रो पटक गर्दैनन् । फेरि अपराध, फेरि अपराध, नामापराध जसभन्दा ठुलो कुनै पाप नै छैन त्यो हामी गर्दछौं  र आशा गर्दछौं कि भगवत्प्राप्ति त गराएनन् गुरुजीले ।

गुरुजीले तिम्रो यति धेरै अपमान सहिरहेका छ, उनीप्रति तिमी अहिलेसम्म पनि शरणागत भएनौ । तिमीलाई जुन दिन यो फिलिङ हुन्छ, मसँग केही माँगे उनले जसको पछि भगवान् हिंडनु हुन्छ । मसँग माँगे दरिद्रिसँग, कति ठुलो भाग्य रहेछ मेरो । जुन दिन यो सोच्नेछौ, अब गुरुप्रतिको शरणागति समाप्त भइहाल्यो ।

तर हामी त कुकुरको पुच्छर समान छौं, थिचेर राख त सिधा, छोड्न साथ फेरि उस्तै । एक सेकेण्डमा हामी त्यहीं पुगिहाल्छौं । आफ्नो सुधार गर्दै गर्दैनौं त्यैपनि गुरुले हाम्रो साथ छाड्दैनन्।

एउटा महात्माजी गंगाजीको किनारामा बसिरहेका थिए, एउटा बिच्छि गंगाजीमा खसेछ कतैबाट, त्यो बिचरा पानीमा तडपिरहेको थियो, उनले उठाएर बाहिर राखिदिए। अनि बिच्छिले डंक मार्‍यो। फेरि बिच्छि पानीमा खसेछ, अनि तडपिन थाल्यो, सन्तले फेरि त्यसलाई पानीबाट बाहिर निकाले अनि त्यसले फेरि डंक मारि दियो। सन्तले भने म आफ्नो काम छाड्दिन तिमी पनि आफ्नो काम न छोड । जसलाई छुन लाखौं व्यक्तिहरु खोजिरहेका हुन्छन् उनले मसँग कुरा गरिरहेका छन्, म तिर हेरेर मुस्कुराइरहेका छन, उनले अङ्गालो हालिरहेका छन् । बस यही सोचेर विभोरईराख्यौ भने हाम्रो काम बनि हाल्छ।

पटक पटक सोच हाम्रा गुरुजीले मलाई एकपटक अङ्गालो हाले, के म यस योग्य छु र कि उनले मलाई अङ्गालो हालून् ? अनन्तकालको म पापात्मा । जसले श्यामसुन्दर को आलिङ्गन गर्दछन् उनले मलाई आलिङ्गन गरे । जब यो फिलिङ हुन्छ तब प्रेम बढ्छ र अन्तःकरण शुद्ध हुन्छ । भगवान्‌लाई त देखेका छैनौं न उनको आलिङ्गन पाउन सक्छौं न उनको दर्शन पाउन सक्छौं शुरुमा। उनी परोक्ष छन्, गुरु प्रत्यक्ष छन्।

तिमी एक छिन विचार गर के संसारी जीव यस्तो छ कि महापुरुषले ऊतिर हेरुन् ? जसले श्यामसुन्दरलाई हेर्छन् उनले तिमीलाई हेरुन् ? संसारमा जुन हामीले देख्दछौं कि व्यक्तिहरुले राम्रो लुगा लगाएका छन्, यो सामान हो, यो पसल हो, र त्यहीं ठूलो थुप्रो लागेको होस् आची (दीसा) को भने त्यता तिर कसैले हेर्छ र ? यदि दृष्टि पनि त्यता तिर पर्‍यो भने एबाउट टर्न भै हाल्छ । ठिक त्यसै प्रकार भगवान् वा महापुरुष हामीतिर हेरुन् ! आश्चर्य हुन्छ किन हेर्ने ? नित्य श्यामाश्यामको असीम आनन्दमा विभोर भएर बस्ने वाला हामी जस्तो कुडा कबाडा (फोहर मैला) जीवहरुतिर हेरुन - यो कृपा नभएर के हो त ? हामी हेर्ने लायक छौं र ? फेरि हामीसँग कुरा पनि गर्नु हुन्छ यो भन्दा ठूलो कृपा अरु के हुन सक्छ।

संसारी प्राईम मिनिस्टर हुन्छ, प्रेसिडेन्ट हुन्छ, कसैसँग हात मिलायो भने त्यो फोटो लिएर मानिस घुम्दछ। जसले भगवान्‌सँग भेट गरेका छन्, उनको शब्द, स्पर्श, रुप, रस, गन्ध आदि पाएका छन् त्यस्ता व्यक्तित्व हामी बिच आएका छन्, बोलेका छन्, हामीले देखेका छौं, स्पर्श गरेका छौं । यी सबै आश्चर्यजनक कुरा हुन् । तर उनले कृपाका कारण कसैगरी यसलाई लिएर जानु छ भगवान्‌तिर यसकारण यसलाई प्रेम गर्छन्।



एक प्रकारले भन्दा चापलुसी गर्दछन् उनले (गुरुले) । जसरी कसैलाई कोहीसँग कुनै काम लिनु छ भने उसको चापलुसी गर्छ मानिसले। यसैगरी महापुरुषहरु हाम्रो चापलुसी गर्दछन् कि जसरी भएपनि यो भगवान् तिर लम्कोस्। तर उसको जुन रियलाइजेसन (बुझाई) छ जसको जति अधिक मात्रामा हुन्छ उ त्यतिकै छिटो हिंड्छ। यदि महत्त्व फिल गरेन भने "उनले हेराइमा त खास कुरा के छ र ? कुरा गरेर के भयो र ? अङ्गालो हाले त के भयो र ? मेरो यो कुरा उनले माने त खास कुरा के भयो र यदि कसैले यस्तो सोच्दछ भने उसको अन्तःकरणको शुद्धि कहिल्यै हुँदैन।

कुनै पनि चिजको महत्व जब सम्म मनुष्यले महसुस गर्दैन तब जति सुकै ठूलो कुरा उसले प्राप्त गरे पनि त्यसको कुनै मूल्य हुँदैन । एउटा माला महापुरुषले दिए भने त्यस मालाको महत्व उसले बुझ्यो भने कि कसले यो माला दिएको हो, त्यसलाई सधैं हेर्छ, त्यसको स्पर्श गर्छ, सिरमा लगाउँछ अनि ऊ कति छिटो अगाडि बढ्न थाल्छ। र त्यसलाई लियो, गलामा लगायो, कुनै मूल्य छैन उसको दिमागमा, त्यसको महत्त्व छैन भने विशेष लाभ हुँदैन।

श्री महाराजजीको कति सान्निध्य प्राप्त छ उसलाई। यदि त्यसको मूल्य अलिकति पनि फिल गर्यौं भने हामीले भगवत्प्राप्तिलाई समय लाग्दैन।

जगद्‌गुरु श्री कृपालु जी महाराज
(साभार : "आत्मनिरिक्षण" बाट)

# गुरु शिष्य विज्ञान

कसैलाई कुनै जन्ममा श्रोत्रिय, ब्रह्मनिष्ठ महापुरुष गुरु रुपमा भेट होस् र त्यो श्रद्धालु, विरक्त जिज्ञासुले उनलाई गुरु मानी लेओस, यो ठूलो भगवत्कृपा हो । गुरुले शिष्य बनाउँदैनन्, शिष्यले मनले गुरु मान्नु पर्छ । कुनै महापुरुषले कुनै जीवलाई तबसम्म शिष्य बनाउँदैनन् जबसम्म उसको अन्तःकरण पूर्णरुपले शुद्ध हुँदैन ।

अब सर्वप्रथम गुरुले तत्त्वज्ञान दिन्छन् । जीव के हो ? माया के हो ? भगवान् के हो ? यो कसैले नसोचोस् कि म त उनलाई प्रेम गर्छु, मलाई तत्त्वज्ञानसँग के मतलब छ र ? तत्त्वज्ञानबिना तपाईको तत्त्वज्ञान एक मिनटमा ढल्छ र प्रेम त वास्तवमा हुदै हुदैन । तपाइँहरु यति जना यहाँ बसिराख्नु भएको छ बताउनुस् जबदेखि तपाइँको जन्म भयो तबदेखि यति ठुलो हुनुभएको छ । तपाईलाई के थाहा थियो श्रीराधा को हुनुहुन्छ ? यदि यति गहिराईसँग नसम्झाएको भए कि राधा तत्त्व के हो राधे नाम लिंदा तपाईलाई त्यो आनन्द कहाँ मिल्थ्यो जुन यस समय तपाईलाई मिलिरहेको छ । श्रीकृष्ण को हुनुहुन्छ ? यदि यो नसम्झाइएको भए आज जुन उनीप्रति तपाइँको आस्था छ, अनुराग छ, त्यो कति कम हुने थियो । यदि तपाईलाई यो नसम्झाईएको भए कि भगवान् र महापुरुषले योगमायाद्वारा कार्य गर्छन् भनेर यसकारण उनीहरुले मायाको कार्य गर्दा गर्दै पनि मायाबाट टाढा रहन्छन् । यदि यो सिद्धान्त न सम्झाईएको भए तपाइँले आफ्नो तर्क, कुतर्क, अतितर्क गरेर रात-दिन नामापराध गरी राख्नु हुने थियो । थाहा छ, शंकरजीलाई पनि माया लागेको थियो, पार्वतीजीलाई पनि माया लागेको थियो, गरुडजीलाई पनि माया लागेको थियो, सबैलाई लागेको थियो, यस्तो भगवत्प्राप्तिलाई टाढाबाटै नमस्कार । हामीले भगवत्प्राप्ति गरेर के लाभ उठाउँछौं ? हामीलाई पनि माया लागि हाल्दो रहेछ । यसकारण तत्त्वज्ञान एकदमै आवश्यक छ ।

**सिद्धान्त बलिया चित्ते ना कर अलस । (गौरांग महाप्रभु)**

गौरांग महाप्रभुजीले भन्नु भएको छ - आलस्य नगर, तत्त्वज्ञान प्राप्त गर । पहिलो कार्य गुरुले गर्छन् कि हामीलाई तत्त्वज्ञान गराउँछन् । 'तिमी को हौ', 'तिमी कस्को हौ', 'संसारमा तिम्रो मनको लगाव किन भइरहेको छ', 'त्यो कसरी हटाउने होला', यी सबै कुराहरु विस्तारमा सम्झाउनेछन् । तपाइँले खुब सोध्नुस्, बुझ्नुस् जिज्ञासु भावले, अनि गुरुद्वारा सिकाइएको साधना गर्नुस् । अहिले उनले शिष्य बनाइरहेका छैनन् । तपाईले गुरु बनाइरहनु भएको छ, बनाइ राख्नुस् किनभने तपाईले गुरु बनाउनु भएन भने उनले बताएको साधनामा विश्वास गर्नु हुने छैन, शरणागति हुने छैन अनि गुरुले योगक्षेम वहन गर्नु हुने छैन । तपाइँको शरणागति अनुसार नै गुरुले योगक्षेम वहन गर्नु हुन्छ, तपाई सम्हाल्नु हुन्छ, यसप्रकार साधना गर्दा पनि उनी गुरुले सहायता गरी राख्नु हुन्छ तपाईको । जब अन्तःकरण शुद्ध हुन्छ अनि उनले नै दीक्षा दिने छन् । चाहे कानमा दिऊँन्, चाहे आँखाबाट दिऊन्, चाहे अंगालो हालेर दिऊँन्, चाहे फुकेर दिऊँन् । पचासौं तरिकाहरु महापुरुषले अपनाएका छन्, अनादि काल देखि अहिले सम्म । अरे दिनुछ, कुनै बहानाबाट दिऊँन् । एक घुस्सा मारेर दिउन, दिनु छ, यो कुनै जरुरी छैन कानमै दिऊँन् । गौरांग महाप्रभुले अधिकांस व्यक्तिहरुलाई अंगालो हालेर प्रेमदान दिनु भएको थियो । कुनै महापुरुषले आँखामा आँखा मिलएर दिएका छन् । यी सबै आफ्नो आफ्नो तरिका छ । प्रेम दिनु छ, कुनै तरिकाले दिऊँन् ।

यदि साधना गर्ने समयमा कसैलाई यो थाहा भइहाल्यो कि मेरो गुरु सही छैनन्, यिनलाई भगवत्प्राप्ति भएको छैन, मैले भोलापनका कारणले त्यसो बुझ्न पुगें । यदि यस्तो कतै गलत गुरु बनाइ लिएका छौ भने लडाई झगडा नगर उनीसँग, चुपचाप अलग भई हाल । उदासीन भई हाल । न ऊसँग प्रेम गर, न द्वेष गर । यो हमेशा ध्यानमा राख्नु कि संसारमा कतै कसैसँग द्वेष हुन नपाओस् । उसले मलाई धोखा दिएको छ, ठिक छ तिमी लाई धोखा भयो । धोखा दिनेवाला अपराधी हो भने धोखा खाने वाला पनि त अपराधी हो । उसले नसम्झेर बुझेर किन गयो त । कतै झगडा फसाद बवाल र दुर्भावना नगर, चुपचाप अलग भई हाल र अर्को महापुरुष खोज । वास्तवमा खोज्दैमा महापुरुष (गुरु) पाइदैन ।

**बिनु हरि कृपा मिलहीं नहिं सन्ता ।**

आफ्नो बुद्धिको मापनबाट कसरी नाप्छौ कोही वास्तविक गुरु हो कि होइन किनभने भगवत्प्राप्ति पश्चात यद्यपि सबै कार्य भगवान्ले नै गर्छन् तर उनको वाह्रय व्यवहारलाई देखेर हामी भ्रमित हुन सक्छौं किनभने उनको सबै कार्य योगमायाद्वारा हुन्छ, हाम्रो प्राकृत बुद्धिले त्यो बुझ्न सकिन्न । यसकारण श्रीकृष्णलाई रोएर पुकारा गर्‍यौं भने उनले कृपा गरेर कुनै वास्तविक सन्तसँग भेट गराइ दिनेछन् । यो खोजेर तिम्रो बुद्धिले पाइने चिज होइन । किनभने जो असली महापुरुष हो, उनीहरु बडो बिचित्रका हुन्छन् ।

**तार वाक्य क्रिया मुद्रा विज्ञे न बुझय ।**

ठूला ठूला सरस्वती बृहस्पतिले पनि उनको कुरा बुझ्न सक्तैनन् । यदि हामी उनीकहाँ गयौं भने, यो अहङ्कार लिएर कि हेरौं त यिनी

महापुरुष हुन कि होइनन् , उनले यस्तो व्यवहार गरिदिन्छन् कि तपाई तुरन्त भागी हाल्नु हुनेछ।उनले तपाईको हृदयको कुरा बुझी हाल्छन् अनि यस्तो एक्टिङ गर्न जानेका हुन्छन् कि जुन चिज तपाई लाई मन पर्दैन त्यही चिज गरिदिन्छन्। अनि तपाई आफै भागी हाल्नु हुनेछ। यसकारण अहङ्कारले युक्त भएर भगवान् र महापुरुषकहाँ कोही पनि टिक्न सक्तैनन् । ऊ त टाउको को बलमा खस्ने छ। श्रद्धापूर्वक जिज्ञासु भावले यदि हामी भगवान्लाई रोएर पुकारा गर्‍यौं भने र भगवान्को कृपाले कुनै महापुरुष भेटियो भने पनि हाम्रो काम तबसम्म बन्दैन जब सम्म हामीले उनलाई महापुरुष मान्दैनौं । हाम्रो श्रद्धा उनीप्रति शत्प्रतिशत् हुनु पर्छ।

**आदौ श्रद्धा ततः साधु संगोक्थ भजनकृया ।**

अर्थात् नम्बर एक श्रद्धा, नम्बर दुई गुरु सङ्ग, नम्बर तिन साधना। श्रद्धा पनि सही होस्, गुरु पनि सही होस् तब मात्र लक्ष्यको प्राप्ति हुन्छ। जब कुनै महापुरुषको शरणमा जाँदा तिमीलाई प्रत्यक्ष लाभ देखियो। हामीलाई तत्त्वज्ञान भयो, हामीलाई थाहा थिएन, यी सबै कुरा हामीले बुझ्यौं, भगवान्मा मन लाग्न थाल्यो । अब संसार बाट मन हट्न थाल्यो। यो सत्संग गर्दा गर्दा संसारबाट बैराग्य एवं भगवान् प्रति अनुराग भईरहेको छ भने अब पक्का छाप लाग्यो कि हाम्रो गुरु वास्तवमा ब्रह्मनिष्ठ हुन्। हेर ! कति परिवर्तन भयो, गुरुकृपाद्वारा हाम्रो मन भगवान्मा लाग्न थाल्यो। हामीले कल्पना पनि गर्न सकेका थिएनौं कि भगवत विषयमा हामीले यति धेरै समय दिन सक्ने थियौं। दोस्रो कुरा यदि उनी महापुरुषको सङ्गबाट संसारबाट वैराग्य र भगवान्प्रति अनुराग हुन्छ भने यो कुरा जान कि उनी वास्तविक महापुरुष नै हुन्। तेस्रो कुराउनी भित्र दिव्य प्रेमको खजाना लुकेको हुन्छ। प्रेम लुकाउने उनको स्वभाव नै हुन्छ तर पनि भगवान्को नाम रुप लिला गुण आदिको स्मरण-कीर्तनादि द्वारा त्यो प्रेम बाहिर छचल्किन्छ।

यदि तपाइँलाई वास्तविक महापुरुष भेटनु भयो भने र उनीबाट लाभ भईरहेको छ भने केवल उनको निर्देशमा साधना गर्नुहोस् अरु कतै न जानुस्, न कसैसँग सम्बन्ध राख्नुस्। केही व्यक्तिको यो बानी हुन्छ कि यस मन्दिरमा ज-जस्को प्रवचन हुन्छ, सबैको सुन्ने। अब त्यहाँ सबै किसिमका बोल्न आउँछन् मन्दिरमा र सबै सुनी राखेका छन् अनि सबैको बारेमा राय प्रतिकृया दिन थाल्छन् - यो बेवकुफलाई केही पनि थाहा रहेनछ। तिमी प्रवचन सुनेर गाली गर्न गएका थियौ त्यहाँ ? जब तिमीलाई थाहा भयो कि के गर्नु छ, अब सुन्न किन गइरहेका छौ ? अब त साधना गर, त्यसबाट लाभ हुनेछ । बुझ्नु अघि सुन्नु जरुरी हुन्छ, ठिक छ तर कुरा बुझिसके पछि साधना गर जसले तिम्रो तत्वज्ञान परिपक्व बनोस्, केवल त्यही मात्र सुन।

यस्तो न गर कि तिमी सबै ठाउँ सुन्दै घुमि रहेका छौ, मनोरञ्जनका लागि। यदि तिमीले कसैको प्रवचन सुन्यौ जो वास्तविक महापुरुष होइन, उसले ठिक ठिक बताउन सक्तैन, गडबड गर्नेछ उसले। ठाउँ ठाउँमा जब गडबड सुन्यौ भने तिम्रो दुर्भावना हुनेछ उसको प्रति र दुर्भावना भयो कि तिम्रो नोक्सान भयो। आफ्नो नोक्सान किन गर्छौ ?

यसकारण यो दौडादौड बन्द गर जुन हामीले आफ्नो जीवन भरि गरिरहेका हुन्छौं । जुनसुकै बाबाजी आए, जुनसुकै पंडितजी आए, नमस्कार नमस्कार । पण्डितजी ल बोल्नुस् बोल्नुस् । उनले बोले, अनि तपाइँले गल्ति निकाल्नु भयो ।यो ठट्टा जुन हामीले गर्ने गरेका छौं, गर्दा गर्दा जीवन बितिसक्यो एउटा होइन अनन्त । यसले केही प्राप्त भएन र अपराध कमाइरहेका छौं हामीले। यसकारण तपाईको गुरुले जुन तत्त्व ज्ञान गराउनु भएको छ, जुन साधना बताउनु भएको छ, बस त्यसैलाई गर्नुस। अब कतै भागदौढ नगर्नुस। घरको कोठामा बसेर हुन्छ वा जहाँ भए पनि होस् साधना गर्नुस् । निरन्तर आफ्नो मनलाई हरिगुरुमा नै लगाइ राख्नुस्, एक सेकेण्डका लागि पनि नबिर्सनुहोस्। यदि साधना गर्दाको समयमा कुनै बाधा अवरोध आयो भने, कुनै कठिनाई भयो भने आफ्नो गुरुलाई सोध्नुहोस्, यता उता न भाग्नु होस् । नत्र भने समस्य पैदा गराइ दिन्छन् मानिसहरुले र "**संशयात्मा विनश्यति**" संशय भयो कि जीवको पतन भयो ।

यसकारण यद्यपि शास्त्रहरुमा यस्तो सिद्धान्त छ कि तपाईले पचासौं गुरु पनि बदलिन सक्नु हुन्छ। यदि तपाईसँग १० जना महापुरुष भेटियो भने र तपाईले एउटा महापुरुषलाई छाडनु भयो, अर्को महापुरुषलाई समात्नु भयो, तेस्रो महापुरुषलाई समात्नु भयो, तर दुर्भावना कतै पनि हुन नपाओस् यो बाचा राख्नु भयो भने तपाईले हजार गुरु परिवर्तन गर्न सक्नु हुन्छ। कुनै प्रतिबन्ध छैन। तर यदि दुर्भावना यदि एउटा गुरु प्रति पनि भयो भने नामापराध हुन जान्छ र तपाईले त्यस अपराधमा समातिनु हुन्छ अनि भगवान्को दिव्य प्रेम तपाईले पाउन सक्नु हुन्न, चाहे रात दिन आँशु बगाउनुस्। भगवान्लाई सबै भन्दा मन न पर्ने विषय यही हो मेरो जनप्रति तैंले दुर्भावना गरिस् र तँ मेरो आफ्नो बन्न चाहन्छस। उनीहरु त मेरो प्राण हुन्, मेरा सन्त मेरा जन। उनीहरुको सेवाले त म प्रसन्न रहन्छु, र तैंले उनीहरुकै बिरुद्धमा सोचिरहेको छस् र मेरो कीर्तन पनि गर्छस् साथ साथै।

यसकारण हामीले वास्तविक महापुरुषलाई गुरु बनाऊँ, मन-बुद्धिको शरणागति गरेर उनले बताएको साधना गरौं । जहाँ केही गडबड भयो भने उनैलाई सोधौं र अन्य सबै स्थानहरुमा असल

भावना राखी टाढैबाट नमस्कार गरौँ । उनीहरुको सम्पर्कमा न जाऔँ । उनी महापुरुष हुन् कि होइनन्, एउटा त यो शङ्का, र यदि हुन् भने पनि उनको तरिका अलि फरक हुनसक्छ र त्यस तरिकाले हामी साधना गर्न चाह्यौँ भने चार दिन यता चार दिन उता, बस् यसैमा हाम्रो जीवन समाप्त भई हाल्नेछ । हामीले के पाउन सक्छौं र ? र यदि कुनै एउटा महापुरुषलाइ छाडेर अर्को महापुरुषको शरणागति स्वीकार गर्छ भने यो नसोच्नु कि पहिलो महापुरुष रिसाउँछन् कि भनेर। यदि उ साँच्चिकै महापुरुष हो भने उ कहिल्यै रिसाउने छैन। महापुरुष त केवल यही चाहन्छन् कि प्रत्येक जीव मेरो श्यामसुन्दरसँग प्रेम गरोस्। त्यस्ता व्यक्तिले डर देखाउँछन् जो व्यापारी हुन्। अर्को गुरु नबनाउनु। तिमिलाई श्राप दिने छु। यस्तो बोल्दछन्। यो सबै पाखण्ड चलिराखेको छ हाम्रो देशमा।

यो जुन यति ठूलो धोखाधडी गर्दछन्, आफ्ना शिष्यहरुलाई डर देखाउँछन् । तिमीले गुरुको अपमान गरेका छौ, यस्तो बोल्दछन्, यस्ता कुराहरुबाट डराउनु पर्दैन। कसैको निन्दा र दुरर्भावनाबाट अलग रहनुहोस्। आफ्नो मनलाई त्यहाँबाट हटाएर जुन गुरुबाट धेरै लाभ भइरहेकोछ त्यहाँ मन लगाउनुहोस् र आफ्नो लक्ष्यमा अगाडि बढ्दै जानुहोस् । कुनै गुरु रुष्ट हुने छैन र यदि त्यो गुरु होइन भने त्यो पाखण्डी हो रुष्ट हुन्छ, आफ्नो टाउको फोडे पनि तपाइँको के बिगार्न सक्छ र त्यसले ? तपाई त त्यस महाशक्तिको शरणमा हुनुहुन्छ जसको अगाडी दुर्वासा आदिले त हार मान्नु पऱ्यो। अम्बरीषको प्रति दुर्भावना गर्दा भगवान्को चक्र चल्न पुग्यो।

यसकारण तपाईलाई डराउनु पर्ने आवश्यकता छैन। यसप्रकार गुरु शिष्यको सम्बन्ध बनाएर जब हामी साधना गर्दा गर्दा अन्तःकरणको शुद्धिको अवस्था प्राप्त गर्दछौँ अनि त्यही गुरुले हामीलाई दीक्षा दिन्छन्। अब दीक्षाको नम्बर आयो। जसरी तपाईको घरमा सबै फिटिङ गर्नुस् बिजुलीको, तारको, बल्ब लगाउनुस् । सबै ठिकठाक गर्नुस् । अब पावर हाउसबाट तार जोड्नुस्, सबै घरमा प्रकाश फैलिन्छ, पङ्खा चल्न थाल्छन्, ए.सी. चल्न थाल्छन्। अब शिष्यलाई केही गर्नु छैन, अब “गर्नु” समाप्त भयो, अन्तःकरण शुद्धि हुँदाको अवस्थामा। अब उसलाई केही गर्नु छैन। अब त रस प्राप्त गर्नुछ। दीक्षाको मतलब गुरुकृपाद्वारा दिव्य प्रेमको प्राप्ति । अब जुन दिव्यानन्द पाइन्छ त्यो कहिल्यै छिन्न सकिदैन । सदा सदाको लागि पाइयो । न त्यसलाई बनाइ राख्नु मेहनत पर्छ, त्यो त हटाउँदा पनि हटाउन सकिन्न ।

अब तिमी यदि साधना गर्छौ भने पनि श्याम सुन्दरलाई आफ्नो मन बाट हटाउन असम्भव हुन्छ। तिमी सदा सदा को लागि मालामाल भइहाल्यौ। प्रकाशमाथि अन्धकारको अधिकार हुन सक्तैन। एक पटक दिव्यानन्द प्राप्त गरीसके पछि दुःख निवृत्ति सदा सदाको लागि भइहाल्यो, अब दुःखको अधिकार कहिल्यै पनि हुदैन। यसकारण त सूरदास भन्छन्

**बाँह छुडाये जात हो, निबल जानि के मोहिं।**
**ह्दय ते जब जाहुगे, मर्द बदौंगो तोहिं॥**

बडो तिमी परमपुरुष बन्दछौ, मेरो ह्दयबाट निस्क त अनि म हार मान्ने छु। त्यो त अब असम्भव छ। जब लाहामा कुनै रंग मिसाईन्छ, पग्लेको लाहा र रंग एकै हुन जान्छ, त्यो रंग निकाल्न सकिन्न ।

सर्वप्रथम, अब त तपाइँले कुनै वास्तविक गुरुलाई अपनाउनु पर्छ जसबाट तपाईलाई धेरै लाभ अनुभवमा आएको छ र बाँकि ठाउँमा त्याग्नु पर्छ। तर त्यहाँ द्वेष हुन नपाओस् र जुन राग अहिलेसम्म थियो, त्यो पनि छुटी हालोस्। न प्यार होस् न खार होस्, चुपचाप अलग भइहाल । जसरी हामी कतै गइरहेका छौँ बाटोमा एउटा नक्कली सिक्री पडिरहेको देख्यौँ । आजकाल यस्ता यस्ता सिक्री चलेका छन् कि ठूल-ठूलाहरुलाई पनि भ्रम हुन जान्छ, त्यो सुन हो कि नक्कली हो । अब तपाइँले देख्नु भयो यो सुनको सिक्री हो, तपाइँको साथीले भनिन होइन, यो त दुई रुपियाको हो । तपाइँले झगडा गर्नु हुन्न, त्यो सिक्रीबाट अलग भई हाल्नु हुन्छ, मैले सोचेको थिएँ कि यो त सुन को पो हो कि । त्यसैगरी तपाइँले सोच्नु भयो, त्यो महापुरुष हो यसकारण वर्ष, दुई वर्ष, दस वर्ष, पचास वर्ष उसको सत्संग गर्नु भयो । अब थाहा भयो उसको वास्तविकता के हो ऊ भन्दा ठुलो चिज कतै पाउनु भयो । चुपचाप अलग भई हाल्नुहोस् । लडाई झगडा दुर्भावना यी सबै नहोउन् । फेरि तपाइँले सय वटा गुरु बनाउनोस् तर पनि गलत छैन। बस दुर्भावना कसैको प्रति न होस्। दुर्भावना गरेर गुरुलाई त्याग्नु अपराध हो । एउटा जन्ममा भगवत्प्राप्ति भएन फेरि तपाई जन्मनु भयो फेरि गुरु बनाउनु हुनेछ। अनन्त गुरु बनाइ सकेको छ, प्रत्येक जीवले। कुनै ठेक्का त होइन, कुनै लेखापढी गरेको त छैन। अनन्त जन्ममा हामीले भगवान् पाउनका लागि सोचेकै थियौँ होला। गुरु पनि बनाएकै थियौँ । तर या त त्यो गुरु सही थिएन या त हामी सही थिएनौँ। उसको आज्ञा ठिक ठिक मानेर साधना गरेनौँ। दुईमा कतै गडबडी त छ नै, नत्र भने हाम्रो काम बनी सकेको हुने थियो ।

संसारमा सर्वत्र अधिकारित्व भेद छ । तपाईलाई वकालत पढनु छ भने ग्रेजुएट गरेर आउनुस् । तपाईले बिना ग्रेजुएट वकालत पढ्न पाउनु हुन्न । यसर्थ संसारमा पनि अधिकारी बनेर

मात्र कुनै चिजको वास्तविक लाभ पाउन सक्छौं । हेर ! पहलवानले दिनभरि आफ्नो शरीरमा मुक्का हान्न लगाउँछ । तर त्यही हातले भर्खर जन्मेको बच्चालाई कसैले हिर्कायो भने एकै हातमा जिरो बट्टा सय हुने छ । अहिले त आमाले यसमाथि विस्तारै विस्तारै हलुका ढङ्गले हाथ चलाउँछिन् । तीन वर्षको चार वर्षको बच्चा जब हुन्छ तब पनि विस्तारै पिट्छिन, सावधानी पूर्वक । जोरले हिर्काउँदा कतै आँखा फुटोस् वा केही भई हालोस् । काशीको एक प्रकाण्ड विद्वान् शंकराचार्य कहाँ पुगे र भने - महाराज ! मलाई आफ्नो चेला बनाउनुस् । उनले भने - ठिक छ तर यस्तो छ कि तिमी अहिले अधिकारी भएका छैनौं । यो ठुलो विद्वान् थियो, विद्वान्हरुलाई क्रोध र अहङ्कार त रहन्छ नै । उसले जवाफ दियो - शास्त्रार्थ गर्दा हुन्छ । शंकराचार्यले विचार गरे यसले शास्त्रार्थ गर्छ ? यसलाई यति अहङ्कार छ जब कि शास्त्र बुझ्नेहरु त विनम्र हुनु पर्दछ । यति अहंकार छ र तिमीले मलाई गुरु बनाउन चाहन्छौ ? र शास्त्रार्थ गर्न खोजिरहेका छौ । महाराज, गल्ती भयो, अपराध भयो, कृपया बताउनुस् कि अधिकारी कसरी बन्ने ? हेर, ब्रजमा जाऊ, गोवर्धनको परिक्रमा गर, भिक्षा मागेर खाऊ, कसैसँग केही कुरा नगर्नु, केही नहेर्नु, नसुन्नु, नसूँघ्नु, नस्पर्श गर्नु, केवल **'राधेश्याम'** यी दुई शब्दहरु रोम रोमबाट बोल्नु । अन्तःकरणबाट उनको लागि आँशु बगाएर त्यहाँ एक वर्षसम्म बस्नु । ऊ गयो, एक वर्ष परिक्रमा गर्‍यो त्यसै प्रकार आँशु बगाउँदै । फर्केर आउँदै थियो । शंकराचार्यले देखे कि त्यो पण्डित आइरहेको छ त्यसको परीक्षा लिनुपर्‍यो । उहाँले एक जना सफाई गर्ने महिलालाई बोलाउनु भयो र भन्नु भयो तिमीलाई म पाँच रुपिया दिन्छु । हेर त्यो पण्डित आउँदा कुचोले बडारिराख्नु र नजिक आए पछि ऊ माथि धुलो उडाइदिनु। ठिक छ, उसले सोची, एक छिन कराउने छ, के भयो र पाँच रुपिया त पाउँछु । सस्तो जमानामा पाँच रुपिया भनेको त हजारको बराबर थियो । जब त्यो पण्डित नजिक आए, उसले यति जोडले धुलो उडाई कि पण्डितको शरीरमा पर्‍यो । अब पण्डितजी रिसले आगो भए, अन्धी छेस् कि क्या हो, देख्दिनस् । उ मनमनै हाँसी, उसलाई थाहा थियो कि रिसाउने छ भनी । अब त्यो पण्डित पुगे शंकराचार्य कहाँ, महाराज ! हजुरको आज्ञा पालन गरेर आएँ । उनले भने - रिस त अझ गएको छैन र भन्छ आज्ञा पालन गरेर आएँ । अझै केही गडबड छ फेरि जाऊ एक वर्षका लागि । ति पण्डितले त प्रतिज्ञा गरिसकेकै थिए कि यिनलाई गुरु बनाएरै छोड्छु भनेर । फेरि उनी गए, एक वर्ष सम्म त्यसै गरी साधना गरे, अनि फर्केर आए । अब शंकराचार्यजीले त्यो सफाई गर्ने महिलालाई भने - अब धुलो उडाउँदै मा रिसाउने छैन, यसको स्थिति अब केही माथि गएको छ, तैले कुचो ले बडारिराख्नु, पण्डितजी नजिक आए भने कुचोले छोईदिनु, त्यसमा फोहर आदि लागेको होस् । उसले कुचो लगाइराखेकी थिई र जब पण्डित नजिक आए, उनको शरीरमा कुचेके छोइदिई । पण्डितजीले आँखाले तरेर हेरे क्रोध आयो तर केही बोलेनन् । गडबडी त भई हाल्यो । शंकराचार्य कहाँ पुगे अब त ठिक छ होइन र ? होईन, अझै ठिक भएको छैन, अझै गनगन गर्छौ । ऊ फेरि गयो एक वर्ष सम्म साधना गर्‍यो । यो सबै कुरा शिष्य बनाउनका लागि शंकराचार्यजीले गरिरहेका थिए र आज कलियुगमा लाईन लागिरहेको छ। कोही पनि जाऊ, चेला बन। हजारौ व्यक्तिहरुलाई चेला बनाईंदैछ । पण्डितजी फर्केर आए, अनि शंकराचार्यजीले त्यो सफाई गर्ने महिलालाई भने - हेर अब उसलाई कुचो छुवाएर क्रोध गर्ने छैन, यो जुन फोहर मैलाको टोकरी छ उसको शरीरमा खन्याइदिनु । ती महिलाले भनिन् अब कुटाई खाने भइयो, संसारमा कसैले पनि सुन्यो भने के भन्ला । कुचोले त छोईयो भन्न सकिन्छ तर यिनले त टोकरी नै खन्याउन भनिरहेका छन्, तर केही कुरा छैन, पच्चिस रुपिया त पाइरहेकी छु । ती सफाई गर्ने महिलाले फोहरको टोकरी खन्याईन् र पण्डितजीले ती महिलाको चरण समाते र बडो शान्त मनले भने - आमा ! तपाई त मेरो प्रथम गुरु हुनुहुन्छ, तपाईले मलाई जगद्गुरुको चरणमा पुर्‍याउनु भयो । शंकराचार्यजीले आश्रमको झ्यालबाट हेरिराख्नु भएको थियो । बाहिर निस्कनु भयो र भन्नु भयो - आइज शिष्य आइज, अब तँ अधिकारी भइस् ।

जबसम्म अन्तःकरण शुध्द हुँदैन तब सम्म कुनै महापुरुषले दीक्षा कसरी दिन सक्छन् र । यो जुनमा दिव्य प्रेम हुन्छ, यसमा यति पावर हुन्छ कि यदि कसैले अधिकारी नबनेर नै तपाईँलाई जबर्जस्ती दिए भने तपाईको शरीर फाटेर चुर चुर भई हाल्छ । तपाईले सहन सक्नु हुन्न । तपाईको अन्तःकरण यति कमजोर छ कि संसारको नै ठुलो दुःख र ठुलो सुख तपाईले सहन सक्नु हुन्न । यति ठूलो शक्ति कसरी सहन सक्नु हुन्छ र, यसकारण अधिकारी बनीसकेपछि मात्र यो दिव्य प्रेम पाइन्छ ।

**जगद्गुरु श्री कृपालु जी महाराज**

**(साभारः "गुरु मन्त्र" पुस्तकबाट)**



# स्मरण

**कालि कालि जनि कहु गोविन्द राधे ।**
**जाने काल तेरा कालि आने ही ना दे ॥**

हामीले आफ्नो अनन्त मानवदेह वाला जन्म गवाँयौं। अनन्त पटक मनुष्य बनि सकेका छौं । तर जब बाल्यावस्था मा कसैले भन्यो, हेर भगवान्को नाम अलिकति भए पनि लिने गर । अरे अहिले त खाने खेल्ने बेला हो, पढाइ गर्ने बेला हो, बुढापामा मानिसहरु राम राम भन्दछन् । बाल्यावस्था पनि गयो युवावस्था पनि गयो । मेरो अनुभवमा सैकडौं उदाहरणहरु मेरो जीवनमा आएका छन्, ठूला ठूला सुप्रिम कोर्टका न्यायाधीशहरु, हाई कोर्टका न्यायाधीशहरुले मसँग बाचा गरेका थिए रिटायर्ड भएपछि बस् हजुरकै सिद्धान्त मानेर भजन गर्नेछु । रिटायर्ड भई सकेपछि नोकरी खोजिरहेका छन् र गरी पनि रहेका छन् । अब कहिले गर्छौ ? होश नै छैन । यस्तो पनि छैन कि कसैले चुनौति देओस् कि अझ म दश वर्ष बाँच्ने छु । ठुला ठुला व्यक्तिहरु एक सेकेण्डमा राती सुतिरहेका छन् बस सुतेका सुतै भए, हर्ट एटैक भयो, गए ।

हामीले सदा उधारो गर्‍यौं र संसारी काम, गलत काम, अनाचार, दुराचार, पापाचार, भ्रष्टाचारको काम तुरन्त गर्‍यौं र भगवद् विषयलाई गरुँला, गरुँला भन्यौं । म कहाँ भनि रहेको छु गर्दिन भनेर ? यसै गरी गर्दै रह्यौं । काललाई कसैले जित्न सक्तैन । सबै काल कहाँ पुग्छन्, सिद्ध महापुरुष पनि । आदि जगद्गुरु शंकराचार्य, रामानुजाचार्य, निम्बार्काचार्य, माध्वाचार्य, ठुला ठुला पाण्डवहरु समेत गए, साधारणको के हैसियत छ र ? जसले ठुला ठुला सिद्धि प्राप्त गरेका थिए, कोही पनि छ र आज ? यसकारण उधारो नगर, जे पनि समय पनि तिमी पाउँछौ । एक घन्टा बाट शुरु गर, फेरि जब जब रस प्राप्त हुन शुरु हुन्छ अझ समय दिँदै जाने छौ । कमसेकम एउटा स्यानो कुरा त महुसुस गर कि हाम्रो ह्दयमा भगवान् बस्नु भएको छ, हाम्रो विचारहरु नोट गर्नु हुन्छ, उनले नै निर्णय गर्छन् र उनले नै फल समेत भोग्न लगाउँछन् । एउटा कुरा सदा याद राख कि हामी एक्लै कहिले पनि छैनौं । यो जति पनि अपराध हामी गर्छौं किन गर्छौं ? हामी यो सोच्दछौं कि हामीले जे सोचिरहेका छौं, यो कसैलाई पनि थाहा छैन । प्लानीङ्ग गरिरहेका छौं पापको । पहिले प्लानिङ्ग गर्छौं अनि प्राक्टिकल गर्छौं ।

हामी सोच्दछौं, यसो गरौं, त्यसो गरौं, कुनै लक्ष्य प्राप्तिको लागि । यो जस्तो तपाइँहरुले एक्स रे आदिमा देख्नु भएको होला जे पनि हुन्छ सबै नोट भई हाल्छ । मैले ईङ्गलैण्डमा देखेको थिए कि हरेक स्थानमा मेशिन लागेको रहेछ । के हो यो ? मलाई ड्राईभरले बतायो कि जसले धेरै स्पिडमा गाडी चलाउँछ त्यो यसमा रेकर्ड भईहाल्छ । मैले ड्राईभरलाई सोधें तिमी यति धेरै स्पिडमा हाँकि रहेका छौ, यहाँ त ठाउँ ठाउँमा मेशिन लगाएको देखिन्छ ? भन्न था( ल्यो कि महाराजजी, कहाँ कहाँ मेशिन लगाइएको छ मलाई सबै थाहा छ । मेशिन लगाएको ठाउँ नजिक म स्पिड कम गरिदिन्छु ।

भगवान् त हामी भित्र बसेर हाम्रो विचारहरु नोट गरिरहनु भएको छ प्रतिक्रिया केही गर्नु हुन्न, हाम्रो संकल्प विचार, यदि हामीले यो कुरा महसुस गर्‍यौं भने । हाम्रो यस संसारका ठुला ठुला देशहरुका ठुला ठुला राजनितिज्ञहरुले यो कुराको प्रचार गरिदिए भने धेरै त होइन आधा ठगीको कार्य समाप्त हुने थियो, संसारबाटै, मानिस डराउने थिए। हेर सरकारको कानूनको डरले यो संसार चलिरहेको छ । यदि कुनै पनि देशको सरकारले यो भनी देओस् कि अब २४ घन्टासम्म कसैले केही अपराध गरे पनि कुनै दण्ड दिइने छैन । अनि हेर २४ घन्टा पछि संसारको के हाल हुनेछ ? तिमीले हेर्न सक्ने छैनौ यस्तो हालत हुनेछ।

यदि हामीले यो महसुस गर्‍यौं भने , उहाँ भित्र बस्नु भएको छ, तब त एकदम डर लाग्छ, अपराध हुने छैन, नोट भई हाल्छ । भगवान् कुनै संसारी अदालत जस्ता छैनन् कि एउटा गवाही आयो र एउटा प्रहरी आयो र अदालत मा लामो नाटकको क्रिया हुनेछ अनि न्याय दिने कार्य हुन्छ । भगवान्ले स्वयम् सबै कार्य गर्छन् । उनले कुनै महापुरुषलाई लगाउँदैनन्, तिमी गएर नोट गर भनी । स्वयम् गवाही दिन्छन्, स्वयम् नोट गर्छन्, स्वयम् दण्ड दिन्छन् । यसकारण यदि यो प्रचार गर्‍यौं भने कि सबैको ह्दयमा भगवान् बस्नु भएको छ । यो कुरा वेदले भन्छ, बाईबलले भन्छ, कुरानले भन्छ, हरेक धर्मले भन्छ, उनी हरेक स्थानमा छन्, भित्र छन्, सबै देखिरहेका छन् । यी सबै बोल्नका लागि हो र ? बोल्नका लागि, भाषण गर्नका लागि हो र ? महसुस गर्ने कुरा म भनिरहेको छु । पटक पटक सोचौं, शुरुमा १२ घन्टामा एक पटक सोचौं । आज मैले के के पाप गरें ? अरे यो त नोट भई सकेकै होला भोलि देखि गर्ने छैन । त्यसपछि ६ घन्टामा बस दस सेकेण्डको लागि, म कुनै गल्ति त गरिरहेको छैन, सोचि रहेका छौ, यदि सोचि रहेका छौ भने सावधान भइहाल । उनी भित्र बसेका छन् । यो कुरा यदि पटक पटक अभ्यास गर्‍यौ भने धेरै सफलता हासिल हुन सक्छ ।

हेर, जुन चिजको कुनै प्रमाण छैन कि यी मेरो बुवा हुन् । कसैले चुनौति दिन सक्छ र आफ्नो बुवालाई कि यिनी नै मेरो बुवा हुन् ? अरे हाम्रो त पछि जन्म भयो, यिनी मेरा बुवा हुन् कसरी बुझ्न सक्छु र ? तर मान्नु हुन्छ तपाई । हो, एकदम पक्का हो । खराब हुन चाहे असल हुन् यिनी मेरा बुवा नै हुन् । अरुले भनेको मानेको हो । अरुहरुले त हजारौ झुटा कुरा गर्छन्, यो तपाईलाई थाहा छ ?

हो यो त थाहा छ । हुन सक्छ अरुहरुले झुटो भनिरहेका छन कि ? अरे भाइ म कुनै अन्तर्यामी त होइन । सबै ठाउँमा विश्वास गर्ने अभ्यास छ मेरो । एक करोड हामी बैंकमा दिन्छौं, रसिद बनाइ दिनु भनी । यदि तपाईले जिद्दी लिनु भयो कि पहिले रसिद देऊ अनि रकम दिउँला अनि उसले आफ्नो नियम अनुसार भन्नेछ पहिले रकम देऊ अनि मात्र रसिद दिन्छु । यसरी संसारको कुनै काम नै चल्दैन । तर वेदले भन्छ भगवान् सबैको हृदयमा बस्नु भएको छ -

**द्वा सुपर्णा सयुजा सखाया ।** (श्वेता. उप. ४.६)

म यो मान्दिन । बोल्नु हुन्छ कि राम नाम सत्य हो । छोरा वा बुवा लाई अर्थिमा सजाएर श्मशान घाट तिर, राम नाम सत्य हो । सबै जना बोल राम नाम सत्य हो । तर यदि ऊ उठेर बस्यो भने, ऊ वास्तवमा नमरेको होस्, डक्टरहरुले कहिले काहीं गल्ति गर्छन । अनि उसका घरका मानिसहरु मात्र होइन अरुहरु पनि भन्न थाल्छन् ए ! चुप चुप लाग, अब न बोल, किन ? के अब राम नाम सत्य भएन र ? अरे तिमी बुझ्दैनौ बच्चा छौ । फेरि मर्न सक्छ । यो वाक्य त मृत्यु पछि मात्र बोलिन्छ राम नाम सत्य हो । आफ्नो लागि समेत यो ज्ञान छैन कि अहिले छोरालाई लगि रहेका छौ श्मशान, भोलि मलाई पनि यही बाटो जानुछ । होइन अहिले म कहाँ मर्छु र ? अहिले त म सत्तरी वर्षको भएँ, अहिले त म असी को भए । आफ्नो लागि सोच्दैनौ ।

महाभारतमा एउटा कथा छ कि पाण्डवहरुलाई जब वनवासको अवस्था थियो, एक पटक धेरै प्यास लागेछ । अनि जेठो दाजु युधिष्ठिरले भाइ भिमसेनलाई भने कि जाऊ भाइ हेर त यता कतै नजिकमा पानी छ कि । उनी गए, ठुलो सुन्दर पोखरी देखे, पानी भर्न थाले, अनि पानी भित्र बसेको यक्षले भन्न थाल्यो ए मोटो मान्छे ! खबरदार ! पानी न छोऊ । दस हजार हात्तिको बल थियो भिमसेन सँग, उनलाई कसैले चुनौति दिने, उनले कसरी सहन सक्थे र, गदा हातमा लिएर भन्न थाले, को हो बक बक गर्ने, बाहिर आईज सामुन्ने । म बाहिर आउँदिन, तर तेरो गोडा समातेर पानी भित्र लग्नेछु । भिमले जवाफ दिए, के नचाहिने कुरो गर्दो रहेछ, भाँडो लिएर पानीमा पसे तर त्यस यक्षले उनलाई तान्यो पानी भित्र उनी गए पानी भित्र । निकै ढिलो भएपछि युधिष्ठिरले भने खै अहिलेसम्म पनि फर्कनन् । तिमी जाऊ अर्जुन । उनको पनि त्यही हाल भयो, उनले पनि अडान लिए र भने तैंले नाम सुनेको छैन धनन्जयको, गाण्डिवधारी हुँ म । यसैगरी चारै जना दाजुभाई हरुलाई यक्षले पानी भित्र लग्यो ।

पाँचौ थिए युधिष्ठिर, यो के नाटक भइरहेको छ, म आफैं जान्छु, हेरुँ के भएको रहेछ । यक्षले भन्यो हेर ठुलो दाजु, तिम्रा चारै जना भाइहरु मसँग छन् पानी भित्र । उनले सोधे कुरो के हो ? यक्षले जवाफ दिए मेरो साठी वटा प्रश्नहरु छन्, त्यसको उत्तर देऊ अनि पानी लैजाऊ । युधिष्ठिरले जवाफ दिए अरे साठी मात्र होइन छ सय प्रश्न गर । यक्षले एउटा प्रश्न यो गरे -

**किमाश्चर्यम्** ? (महाभारत)
संसारमा सबै भन्दा ताज्जुबको कुरा के हो ? आश्चर्य के हो ? यसको उत्तर दिए युधिष्ठिरले -
**अहन्यहनि भूतानि गच्छन्तीह यमालयम् ।**
**शेषाः स्थिरत्वमिच्छन्ति किमाश्चर्यमतः परम् ॥ (महाभारत)**

मानिसहरुले आफ्नो आँखाले देखिरहेका छन् कि एउटा छोरा जन्म्यो, तुरन्त मर्‍यो, एउटा एक वर्षको भएर मर्‍यो, एउटा आई.ए.एस. गरेर बाउसँग खुशी मनाउन आइरहेको थियो कि बाटो मै एक्सिडेन्ट भयो, मर्‍यो । हो देखिरहेका छन् सबैले, आफ्नो टोल छिमेकमा । अरे आफ्नै घरमा जुन दश जनाको परिवार छ, कोही न कोही मरि रहेका हुन्छन् । तर आफ्नो बारेमा बुझ्दैन कि म पनि भोलि जान सक्छु, यो आश्चर्य हो । यसै गरी साठीवटा प्रश्नहरु थिए, सबैको जवाफ दिए । अनि यक्षले भन्यो ठिक छ अब पानी पनि लैजाऊ र आफ्ना भाइहरुलाई पनि लैजाउ ।

हामीहरुसँग जुन ज्ञान छ व्यवहारमा ल्याउँदैनौं । मुखले बोल्ने अभ्यास छ । तर यसलाई मान्नु पर्छ र मान्नका लागि प्रचारको कमी छ । पटक पटक प्रचार गरियो भने यसको असर पर्छ । अब हेर, हामी मन्दिरमा जान्छौं, साना नानीहरु केटाकेटीपना त गर्छन् । उनीहरुलाई हामी के भन्छौं, यो मन्दिर हो यहाँ यस्तो गर्न हुँदैन, चुप लाग । अब हामीले बच्चालाई यो ज्ञान दिइरहेका छौं कि मन्दिरमा नचाहिने काम गर्न हुँदैन, बाहिर गर्न सक्छौ । अरे उसलाई यो किन बताउँदैनौ कि - **प्रभु व्यापक सर्वत्र समाना ।**

भगवान् सर्वत्र व्यापक छन् । 'समाना' एक नास ले । वृन्दावनमा ठुला भगवान् छैनन् बद्रिकाश्रमको तुलनामा । यदि यो कुरा बच्चाहरुलाई सुरु देखिनै बतायौं भने मन्दिरमा नचाहिने कुरा त के कतै पनि गर्ने आँट गर्दैनन् । ओहो भगवान् सबै ठाउँमा छन्, हाम्रो त प्राईवेसी नै समाप्त भयो । यी कुराहरुको अभ्यास गर्नु पर्छ, उधारो गर्न हुँदैन । किनभने यो मानव देह, देउताहरुले समेत चाहन्छन्, उनीहरुले समेत पाएका हुँदैनन् । यो कुनै ठट्टाको विषय होइन यसलाई त्यतिकै बिताउनुछ । बुढाबुढीहरु भन्ने गर्छन् म अब उनानब्बे वर्षको भएँ, अब मेरो के पो छ र, मेरो त समय बिति सक्यो, अब तिमीहरु आफ्नो सोच, तिमीहरुलाई अझ धेरै दिन रहनु छ । अब तिम्रो के बितेको छ र ? तिमीले भगवत्प्राप्ति गर्‍यौ? के कुरा गर्नु हुन्छ, अनि के बित्यो त ? चौबिसै घन्टा तिमी संसार मा आसक्त छौ भने मरिसके पछि के होला ? यो मानव देह पनि गयो । अब कुकुर, बिरालो, गधा बन्नेछौ, तब बुझ्ने छौ, हेर सुनौलो अवसर हामीले बरबाद गर्‍यौं । यसकारण उधारो गर्नु छैन ।

***जगद्गुरु श्री कृपालु जी महाराज***
***(साभार : "हरि गुरु स्मरण" बाट)***

# The Importance of Guru



After detaching the mind from the world and before surrendering to God, there is need of a divine entity, without whom one cannot attain the Supreme Goal. That entity is a God-realized Saint or Guru. It is the Guru, who decides which path is best for each devotee to enable his surrender to God. It is Guru, who dispels all doubts faced by the aspirant on the path. Mere detachment is not enough to attain God.

***Bhagawan Vedvyas says,***
***tasmad gurum prapadyeta jijnasuh Shreya uttamam***
***shabde pare cha nishnatam brahmanyupashamashrayam***

***(Bhag. 11.3.21)***

"The goal of attaining God can only be reached by surrendering to a genuine Spiritual Master."

A Saint is actually a " Grace in Form" who comes to the earth planet to release the souls from the bondage of maya. It is he who blesses the devotee with divine-love-consciousness. It is he who removes the bad sanskars. It is he who blesses the souls with devotional experience. And it is he who unveils the veils of maya from the devotee's heart and shows him Divine vision. Who can imagine his boundless Grace which he showers on the souls? And what do we give him?

History tells us that Tulsidas was robbed and harassed because he showed a simple way to God realization and condemned religious imposters. Meera was nicknamed and defamed because she sang the Glory of Krishna, and Haridas was nearly killed because he openly distributed the Glory of Krishna. In spite of all this a Saint still does his work and tries to divert the minds of the people towards God, and graces the souls with the help of his graceful teachings and gracious conduct.

*Yasyadeveparabhaktihiyathadevetathagurau*
*(Shwetashwataropanishad)*

One has to do devotion and worship the Guru as good as God. Why? Because Guru and God are one, they are the same. If somebody gives you a hundred rupee note or puts it in an envelope and places it in your hand, it is the same thing. Both have same value. Similarly, after God-realization, God Himself is seated inside the Mahapurush and governs his activities. Thus, God performs every action of a Mahapurush and that is why God and Mahapurush are considered one.

***That is why VedVyas says:***
***Nasty tattva? Guru? Para?***

"There is no entity higher than the Guru." also, the Guru has a higher and more important positions with respect to the fulfillment of ourselves interest. It is the Guru who will reveal to us the Divine knowledge of God. Without having correct understanding of the philosophy, an individual soul cannot move forward in the spiritual path. Only a Guru will teach us how to do spiritual practice and guide us in the path of God-realization by removing all the doubts that arises in our minds, so that we progress speedily in our path. Even highly learned scholars cannot fully understand the Vedas and Shastras because they contain contradictory statements that cannot be reconciled by the human intellect. The literal meaning is different from the actual meaning. That is why a Guru is necessary and is respected in the same position as God.



## जगद्‌गुरु सन्देश

एउटा सिद्धान्त याद राख ! जति मात्रामा तिम्रो भगवान् एवं गुरुप्रति शरणागति होला, सेवा भावना निष्काम होला उति नै मात्रामा भगवान् र गुरुले तिमीमाथि कृपा गर्नेछन्  र गरिरहेका पनि छन् । उनीहरूको बाहिरी व्यवहार नहेर । बाहिरी व्यवहार त उल्टो पनि गर्न सक्छन् । यदि कोही नयाँ व्यक्ति आयो भने उसलाई अधिक प्रेम दिन्छन् ताकि यो अगाडि बढोस् । जो साधकसँग धेरै पुरानो सम्बन्ध छ र तत्त्वज्ञान पनि प्राप्त भएको छ भने बाहिरबाट उपेक्षा गरेझैँ गर्दछन् तर भित्रबाट भने प्रेम नै गरेका हुन्छन् । भगवान् एवं गुरुको यो सिद्धान्तलाई हामीले राम्ररी बुझ्यौँ भने हाम्रो कहिल्यै पतन हुनेछैन ।

– तिम्रो कृपालु



English Section

## "Words of Wisdom : Q & A between Shree Maharaj ji and devotees"

**Devotee: Maharaj Ji, what is divine happiness?**
**Maharaj Ji:** It is unlimited. It always remains with you once you attain it. It's the happiness that the soul is always searching for. In the material world happiness is limited and short lived.

**Devotee: Maharaj Ji, what is Yogmaya?**

**Maharaj Ji:** Yogmaya is a divine power of God that enables God to perform worldly works while remaining internally divine. God creates universes and takes note of countless actions of innumerable souls yet remains ever blissful. Yogmaya is the reason behind this. God gives the same Yogmaya to those who surrender fully. Consequently, all God-realized saints always remain blissful.

Yogmaya is the reason behind this. God gives the same Yogmaya to those who surrender fully. Consequently, all God-realized saints always remain blissful.

Look at it this way. You are under Maya's control, yet you are capable of doing so much. When driving, you are looking at the traffic ahead and behind you. You are talking to the passengers in your car at the same time. You have your destination in mind and simultaneously you are assessing the traffic situation. Your hands are on the steering wheel and your foot is on the brakes. You are doing all this work at the same time. Then what is the difficulty for God and Godly saints to perform worldly works and simultaneously remain divine internally?

**Devotee: Maharaj Ji, do God-realized saints taste fruits of their actions like ordinary people?**

**Maharaj Ji:** There are two kinds of Maya. One is the tri-colored Maya with its three modes – mode of virtue, mode of worldly passions and desires, and mode of ignorance. (Sattva Gun, Rajo Gun, Tamo Gun) The other Maya is the divine power of God called Yogmaya. The works of both look the same. Just as an ordinary person performs actions using sense organs, so does a saint. However, his actions are performed with Yogmaya; therefore, he does not taste fruits of his actions. Actions performed by an ordinary person are the works of Maya. The individual becomes attached to these actions and these actions bear fruits. The one who has attained God-realization remains attached only to God while performing works of Yogmaya. He does not reap consequences of his actions.

*Source: Radha Madhav Society, Duluth.*



तपाईंको जिज्ञासा,
स्वामी श्रीहरिदासजीको समाधान

भाग – १३१



# दानको महत्त्व

शास्त्रमा दानको सम्बन्धमा धेरै व्याख्या छन् । श्री महाराजजीले राधा गोविन्द गीतमा भन्नु भएको छ ।

**धनकी है तीन गति गोविन्द राधे।**
**दान उपभोग अरु नाश बता दे ॥**

धन एक त दान दिएर सकिन्छ भने अर्को उपभोग गरेर सकिन्छ । जस्तैं आज मारुती कार चढिरहेको छ भने बेन्च कार चढ्नु, यस प्रकारले खर्च गरेर धन सकिन्छ। एक व्यक्तिको घर खर्च चार लाख, पाँच लाख ,दश लाखसम्म भएका व्यक्तिहरु पनि छन्, तमाम नोकर चाकर राखेर, विश्व भ्रमण गएर। तेस्रो नाश भएर जान्छ, चौथो कुनै गति छैन धनको। चाहे दान गर्नुस्, चाहे उपभोग गर्नुस् या संचित गरेर राख्नु हुन्छ भने एक दिन नष्ट हुन्छ, खतम हुन्छ।

दानको निमित्त जुन पात्रता छ, त्यसमा शास्त्रले बतायो "**निष्काम दान**" त्यो गर्नु छ । त निष्काम दान कसलाई गर्ने त- महापुरुषलाई । महापुरुषलाई तपाईले जुन धन दिनुहुन्छ अब उसले जेमा खर्च गरे पनि तपाईहरुको कल्याण निश्चित हुन्छ । जसरी आगोमा अशुद्ध चिज हालेपछि पनि शुद्ध हुन्छ, आगो नै बन्छ त्यस्तै तपाईहरुले दिनुभएको दान छ महापुरुषकोमा दिएपछि त्यसले परिणाम राम्रै हुन्छ, त महापुरुषप्रति दान हुनुपर्छ। एक दृष्टान्तद्वारा बुझ्नुहोस्-

महाभारतको युद्ध कालमा जुन दिन कर्ण मरे भगवान् दुःखी हुनुभयो यो सोचेर की दानको पुंज खतम भयो संसारबाट। अन्तिम अवस्थामा रहदाँ पनि कोही दान माग्न आउँदा कर्ण दिन्थे। दानको पुञ्जको विशेषता प्रमाणित गर्नलाई भगवान् श्री कृष्णले पाँच पाण्डव र आफू भेष बदलेर मर्ने अवस्थामा रहेका कर्ण सामुन्ने गए। भगवान्ले कर्ण सँग सुन दान माग्नुभयो। उसले भन्यो अवश्य प्राप्त गर्नु हुन्छ, जानुस् मेरो श्रीमतीले दिन्छे घरमा, मैले भनेको भन्नु होस्। भगवान्ले रिसाएर घर नजाने कुरा गर्नुभयो। उसले भन्यो म मर्न लागेको छु त कसरी दिऊँ फेरि कर्णलाई याद आयो कि मेरो दातँमा सुन छ, यही सुन किन नदिऊ त्यसपछि उसले श्रीकृष्णलाई भन्यो मेरो जुन दातँमा सुन छ, त्यसलाई एउटा ढुङ्गाले हानेर मेरो दाँत निकाल्नुहोस् र त्यो सुन लिनुहोस् । भगवान्ले भन्नुभयो के म यस्तो अपराधी छु कि जिउँदो व्यक्तिको दातँ झारेर सुन लिऊँ। कर्णले सकिनसकि घिस्रिएर एक ढुङ्गा उठाएर आफ्नो दाँतमा हाने र त्यो दातँमा रहेको सुन निकालेर दिए र यो लिनुहोस् भगवान्लाई भने। भगवान्ले भन्नुहुन्छ की रगत लागेको सुन म कसरी लिऊँ। फेरि घिस्री घिस्री गए र नजिकै मरिरहेको रथीको धनुष वाण लिएर एक हातले दाँतले च्यापेर जमिनमा हानिकन पानी निकाले, त्यो सुनलाई धोएर भगवान्लाई दिए। दानको मामलामा कर्णलाई भगवान्ले भन्नुभयो, तिमीलाई सदा संसारले याद गर्ने छ, तिम्रो दानको बारेमा, माँग के चाहन्छौ, म अति प्रसन्न छु। कर्णले भने जसको मर्ने बेलामा भगवान् स्वंयम् उपस्थित हुन् त फेरि उसलाई अरु के चाहियो । बस हजुरको चरणमा भक्ति प्रदान गर्नुस् । यति भनेर कर्ण मरे । त्यसपछि बल्ल पाँच पाण्डवहरुले थाहा पाए दानको महिमा, दानको लागि पात्रताको महत्व। कर्ण भक्त थिए, उसलाई थाहा थियो भगवान्को बारेमा उनले पात्रता पाएपछि आफ्नो दातँ तोडेर दिन पनि पछि परेनन्। यो हो दान र पात्रता, त्यसैले हामीले सहि पात्रमा दान गर्नुपर्छ जसले हामीलाई वास्तविक लाभ दिन्छ।

# साधक विचार एव अनुभूति भाग-०८



मैले न धेरै साथी बनाए, न आफु नै बनें । स्वभाव नै रमाइलो गर्न मन त लाग्ने तर रमाईलो गर्ने होडबाजीमा आफुलाई जोड्न सक्ने सामर्थ्य नभएको मान्छे भन्न, बाहिर लाज लागे पनि भित्र भित्र गुम्सिएको व्यथा बोकेको मान्छे हुँ म । म सोझो गरिब अति गरिबीको जीवनबाट हुर्के बढेको हुँदा मेरो पढाइ लेखाइ पनि त्यति बलियो हुन सकेन । जेनतेन एम. ए. गरेको हुँ । पेटको निर्वाह नै जीवनको ध्येय हुन गयो । जेनतेन जीवन धकेली रहेको मान्छे हुँ म । म कहाँबाट के भएर भगवान् जान्ने बुझ्ने हुनु, शायद पूर्व जन्मको संस्कारले होला, म त हो नै भन्छु । अब भगवान् भगवान् भन्न मन लागि रहने भो ।

बाहिरी विभिन्न पूजा पाठ मन्दिर गमन आदि क्रिया गरि रहँदा पनि, मन अशान्त भै रह्यो । म खोज्न थालें, किन मन अशान्त छ ? मैले खोजेको वस्तु के हो ? किन भित्र भित्र केही नपुगेको जस्तो अतृप्ति अशान्ति भैरह्यो मन । म खोजी रहें । कसरी के भएर हो धेरै वर्ष अगाडि सुश्री ब्रज परिकरी देवीजीको प्रवचन सुन्न जान, कि न हो ? जाउँ जाउँ लाग्यो । विचित्र संयोग जुन दिन देखि श्री दिदीजी को प्रवचन सुनें, मनले चित्त बुझाए जस्तो गर्‍यो, सधैं प्रवचन सुनु सुनु लाग्यो । म नित्य जान थालें । हो त मेरो मनमा उठ्ने गरेको संसारी र दैवी भगवदीय प्रश्नको समाधान भइरहेको छ जस्तो लाग्न थाल्यो । विस्तारै एक दुई साथी सङ्गत भित्र बढे जस्तो भयो । मन झन् बलियो हुँदै गयो । हो हो, मेरो आत्माले चाहेको र मनले साथ नदिएको वस्तु यी नै हुन भन्ने लाग्यो । विस्तारै जगद्गुरु श्री कृपालु जी महाराजको जन्मस्थल मनगढ धाम, वृन्दावन, वरसाना आदि पुगियो । श्री महाराजजीको व्यक्तित्व अति सारगर्भित लाग्न थाल्यो । ६ वर्ष को उमेरमा हालसम्मकै उत्तम जगद्गुरुको पद्वीबाट विभुषित र उहाँको लेख रचना पुस्तकहरु अध्ययन गर्दा आफुले जुन मानिसको बुद्धिबाट सोच्ने उरन्ठ्याउला प्रश्नको समाधानहरु बडो रमाइलो ढङ्गले समाधान गरेको पाउँदा झन् विश्वास र श्रद्धा बढ्न थाल्यो । उहाँको भक्ति योग सम्बन्धी ज्ञान अति मधुर कोमल रस युक्त र तर्क सङ्गत प्रस्तुति भएको स्पष्ट धारणाले ओत् प्रोत भएको पाएँ ।

वैदिक र सामाजिक तथ्यहरु जुन समाजले जिब्रो चपाएर, सत्य कुरालाई नदेखे जस्तो गरेर व्यवहार चलाएको छ, त्यसलाई श्री महाराजजीले चिरिदिनु भएको छ । सत्यको खोज र सोध गर्ने इच्छुक व्यक्तित्वहरुले उहाँको सबै धर्म समन्वयव(ादि सिद्धान्तको अध्ययनले जीवनलाई सहज तवरले बुझ्न फराकिलो पारेको छ । श्री महाराजजीले स्वामी श्रीहरिदासजीलाई नेपाली प्रचारकको रुपमा नियुक्त गरी नेपाली समाजलाई हरि र गुरुको महत्त्व चिन्ने र हामी आत्मा हौं हाम्रो स्वार्थ केवल भगवान् र आनन्दलाई पाउनु हो भन्ने बुझाउन सार्है ठुलो गुण लगाउनु भएको छ । यस्ता सद्गुरु महापुरुष श्री महाराजजीलाई कोटि कोटि नमन ।

# मनको बह



मनगढ धाममा गई दर्शन पायौं गुरुको ।
गुरु भेटीइ जन्मदिन बल्ल सुरु भो ॥ राधे राधे बल्ल सुरु भो..

गुरुभन्दा ठुलो अरु यो संसारमा के छ र ।
भक्तिभन्दा सजिलो त के नै हुन्छ र ॥ राधे राधे के नै हुन्छ र...

सूक्ष्म शरीर लिएर आउनुभाछ गुरु त ।
आजैदेखी राम्रो कर्म गरौं सुरु त ॥ राधे राधे गरौं शुरु त...

मनले पुकार गर्‍यौं भने जहाँ भए पनि सुन्नु हुन्छ ।
सर्वेसर्वा हाम्रा त गुरु हुनुहुन्छ ॥ राधे राधे गुरु हुनुहुन्छ..

मन शुद्ध बनाउनलाई गुरुधाम आएका छौं ।
कुन जुनीको तपस्याले सत्संग पाएका छौं ॥ राधे राधे सत्संग पाएका छौं....

हरिगुरुको कृपाले यहाँसम्म त आइयो ।
जगद्‌गुरु पिता पाएकाछौं अरु के चाहियो ॥ राधे राधे अरु के चाहियो...

आज हाम्रो सौभाग्यले महाराजजी भेटियो ।
यो मनको तिर्सना बल्ल मेटियो ॥ राधे राधे बल्ल मेटियो...

आज हाम्रो सामुन्नेमा जगद्‌गुरु आउनु भयो ।
प्यारा हाम्रा स्वामीज्यू लाई सँगै ल्याउनु भयो ॥ राधे राधे सँगै ल्याउनु भयो...

जीवको कल्याण गर्न भनी जगद्‌गुरु आउनुभयो ।
संगिता दिज्यूलाई साथमा ल्याउनु भयो ॥ राधे राधे साथमा ल्याउनु भयो...

हाम्रा आँखा खुलाउनुभयो स्वामीज्यू आएर ।
सारै खुसी लागेको छ सत्संग पाएर ॥ राधे राधे सत्संग पाएर...

प्यारी हाम्री दिज्यूले भावअर्थ बुझाउने ।
बिनु दाम निष्काम कीर्तन सिकाउने ॥ राधे राधे कीर्तन सिकाउने...

नेपालीलाई विशेष कृपा गर्नुभाछ गुरु ।
राधे भन्न स्वामीज्यूले गराउनु भो सुरु ॥ राधे राधे गराउनु भो सुरु...

स्वामीज्यूका प्रवचन सुन्न हामी गइन्थ्यो ।
प्रवचन सुन्दा सबैजना विभोर भईन्थ्यो ॥ राधे राधे विभोर भइन्थ्यो...

जगद्‌गुरु कृपाले स्वामी दिज्यू भेटियो ।
मनमा भाको चिन्ता जति सबै मेटियो ॥ राधे राधे सबै मेटियो...

कहाँ जानुभो स्वामी दिज्यू चट्टै मायाँ मारेर ।
हामी छोराछोरीलाई एक्लै पारेर ॥ राधे राधे एक्लै पारेर...

स्वामी हाम्रा पिताजी दिज्यू हाम्री माता हुन् ।
हरिगुरु बाहेक हाम्रो छ र अरु कुन् ॥ राधे राधे छ र अरु कुन् ....

हजुरै त होनी स्वामी पहिलो गुरु हाम्रो ।
हजुर बिना अरु त के नै छ र राम्रो ॥ राधे राधे के नै छ र राम्रो...

हाम्रै उद्धार गर्न स्वामी गुल्मी पाल्पा धाउनुहुन्थ्यो ।
कस्तो गर्‍यौ साधना भन्दै आउनु हुन्थ्यो ॥ राधे राधे भन्दै आउनुहुन्थ्यो...

के खानु हुन्छ होला स्वामी कहाँ होला उहाँको बास ?
छिटै फर्की आउनुहुन्छ कि लागेको छ आस ॥ राधे राधे लागेको छ आस...



एक साधक, गुल्मी तम्घास...













आदरणीय श्री घनश्यामदासजी महाराजको सानिध्यमा आयोजित त्रि-दिवसीय साधना शिविर

भक्ति-मन्दिर, श्यामा श्याम धाम, ठिमी, भक्तपुर





श्रीरामनवमी महोत्सव एवं त्रि - दिवसीय साधना शिविर, श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा, मकवानपुर






गैरसरकारी संस्था महासंघ, जिल्ला शाखा भक्तपुरद्वारा डिभाइन युथ क्लब नेपाललाई प्रतिष्ठित सामाजिक संस्थाको उत्कृष्टताको प्रमाणपत्र प्रदान – भक्तपुर







डिभाइन युथ क्लब नेपालद्वारा जाजरकोट जिल्लाका गरीब जेहन्दार छात्र छात्राहरुलाई कृपालु छात्रवृत्ति हस्तान्तरण – खलङ्गा, जाजरकोट






डिभाइन युथ क्लब नेपाल, धनगढीद्वारा शैक्षिक सामग्री हस्तान्तरण – दृष्टि फाउण्डेसन नेपाल, धनगढी, कैलाली






श्री जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्रद्वारा आयोजित नि:शुल्क स्वास्थ्य शिविर – हेटौंडा, मकवानपुर






डिभाइन युथ क्लब नेपाल, हेटौंडाद्वारा आयोजित मन्दिर सरसफाई कार्यक्रम – भुटनदेवि मन्दिर, हेटौंडा, मकवानपुर





विश्व वातावरण दिवसको अवसरमा आयोजित विक्षारोपण एवं सरसफाई कार्यक्रम – अरनिको हाइवे, राधे राधे चोक, भक्तपुर





अक्षयतृतीयाको अवसरमा सातु तथा सरवत वितरण – श्री कृपालु उद्यान, वनकाली, काठमाण्डौ

# SEE Camp 2080





















श्री जगद्‌गुरुत्तम मन्दिर, हेटौंडा परिसर सँगै रहेको भगवान् श्रीकृष्णको विशाल विग्रहको प्राण प्रतिष्ठा तथा समुद्घाटन समारोह - जुरेथुम, मकवानपुर




श्यामा श्याम सत्संग न्यूरोड, पोखराको १२औं वार्षिकोत्सवको अवसरमा आयोजित वटुक सेवा - पोखरा, कास्की




श्रीरामनवमी महोत्सवको अवसरमा डिभाइन युथ क्लब नेपालका सदस्यहरुद्वारा स्वयम् सेवा - राम मन्दिर, बत्तिसपुतली, काठमाण्डौ




डिभाइन युथ क्लब नेपाल, गुल्मीद्वारा आयोजित सरसफाई कार्यक्रम - तम्घास, गुल्मी

श्री राधा माधव समिति, मेहल्धारा, तानसेन, पाल्पाद्वारा आयोजित अन्तर्प्रदेशिक भक्ति साधना शिविर – तानसेन, पाल्पा























**Mr. Suborno Isaac Bari,** recognized as the youngest professor in the world, Visited Divine Youth Club Nepal Head office at Shyama Shyam Dham, Thimi, Bhaktapur.






विश्व रक्तदान दिवसको अवसरमा डिभाइन युथ क्लब नेपालद्वारा आयोजित रक्तदान कार्यक्रम – श्यामा श्याम धाम, ठिमी, भक्तपुर





अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा आयोजित योगाभ्यास, प्राणायाम कार्यक्रम – श्री कृपालु उद्यान, बनकाली, काठमाण्डौ





डिभाइन युथ क्लब नेपाल, कास्कीद्वारा आयोजित रक्तदान कार्यक्रम – न्यूरोड, पोखरा









श्री राधा माधव समिति तुलसीपुरद्वारा आयोजित परिचयात्मक कार्यक्रम – तुलसीपुर, दाङ





श्री राधा माधव समिति तुलसीपुरद्वारा आयोजित एक दिवसीय आध्यात्मिक भ्रमण एवं साधना कार्यक्रम – रोल्पा





डिभाइन युथ क्लब नेपाल, गुल्मीद्वारा आयोजित गौ-सेवा – तम्घास, गुल्मी

